जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं। खेती गरेर उमारेका च्याउ खाने गरौं। जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



## सय करोड रंगशालामा लगानी हुने
# रामजानकी रंगशालामा लगानी गर्न भारत तयार

**टुडे समाचारदाता**

जकाठमाण्डु । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच शनिबार भएको भेटवार्तामा प्रस्तवित रामजानकी रंगशाला(स्टेडियम )निर्माणका लागि छलफल भएको छ।

काठमाण्डुस्थित भारतीय राजदूतावासमा मुख्यमन्त्री यादव र राजदूत श्रीवास्तवबीच भएको छलफलमा प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गरेको १ सय करोड( एक अर्ब) रुपैयाँ रंगशालामा लगाउने सहमति भएको छ।

आवश्यकता अनुसार थप रकम पनि भारतले उपलब्ध गराउने राजदूत श्रीवास्तवले प्रतिवद्धता जनाए।

मुख्यमन्त्री यादवले मधेश प्रदेशको विकासका लागि राखेको प्रस्ताव राजदूत श्रीवास्तवले स्वीकार गरेका छन्।

भारतीय प्रधानमन्त्री मोदीले घोषणा गरेको एक सय करोड भारतीय रुपैयाँ जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १४ रजौलस्थित निर्माणाधीन रामजानकी अन्तर ाष्ट्रिय बहुउद्देशीय रंगशालामा लगाउन तत्परता राजदूतले देखाएका छन्।

उनले खेल मैदान निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर दिन मुख्यमन्त्री यादवलाई अनुरोध गरेका छन्।

सोही प्रतिवेदन अनुसार आवश्यक भए थप लगानी पनि गर्ने राजदूत श्रीवास्तवले प्रतिवद्धता जनाएका छन्।

भारतीय प्रधानमन्त्री मोदीले २०७५ वैशाख २८ गते जनकपुरधाम भ्रमणको क्रममा बाह्र विघा मैदानमा नागरिक अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै एक अर्ब भारतीय रुपैयाँ दिने घोषणा गरेका थिए।

गत वर्षको चैत ११ गते मुख्यमन्त्री यादव मैदान निरीक्षणको क्रममा सोही रकम खेल मैदानमा खर्च गर्न पहल गर्ने घोषणा गरेका थिए।

स्थानीय दिनेश पूर्वेले रंगशाला निर्माणको लागि २०६४ सालदेखि प्रयासरत थिए। उनले बनाएको धनुष आकारको रंगशाला बनाएर अन्य खेल मैदान पनि बनाउने योजना बुनेका थिए।

०७४ जेठ २ गते तत्कालीन युवा तथा खेलकुदमन्त्री दलजित श्रीपालीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को निर्णयबाट रंगशालाको नाम राखिएको थियो।

त्यसपछि अधिकारिक रुपमा काम अगाडि बढाइएको थियो । र, सरकारले पनि बजेट छुट्याउन थालेका थिए। यद्यपि अझै भौतिक संरचना निर्माण हुन सकेको छैन्।

हालसम्म रंगशाला निर्माणको लागि संघ र प्रदेश सरकारबाट करीब दश करोड रकम विनियोजन गरिए पनि खर्च हुन सकेको छैन्। करीब दुई करोड रकमको मात्रै काम भएको बाँकी फ्रिज भएको पूर्वेले बताउँदै आएका छन्।

प्रदेश सरकारले तीन पटकमा गरी ६० लाख मात्रै दिएको र सो सबै रकमको काम भएको पूर्वेको कथन छ।

मधेश प्रदेश सरकारले खेल मैदान निर्माण र ११ औं राष्ट्रिय खेलकुद मधेश प्रदेशमै गराउन चालु आर्थिक वर्षमा २५ करोड रकम विनियोजन गरेको छ ।

सरकारले रामजानकी रंगशालाको लागि दिएको अधिकांश बजेट जमिनको भाडा वापत खर्च भइरहेको छ।

गुठी संस्थानसँग नेपाल खेलकुद परिषद्ले १७ विघा जमिन लिजमा लिएका छन्। प्रति वर्ष खेलकुद परिषद्ले दश लाख रुपैयाँ गुठी संस्थानलाई तिर्दै आएको छ



## प्रदेश विकासमा साझेदारी गरिने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव मधेश प्रदेश सरकारसँग मिलेर काम गर्न सकारात्मक देखिएका छन्।

विकास निर्माण तथा जनताको जीवन स्तर उकास्ने काममा साझेदारी गर्न तयार रहेको राजदूत श्रीवास्तवले मुख्यमन्त्री सरोज कुमार यादवलाई जनाएको बताइएको छ । मधेश प्रदेश सरकारको शिक्षा, स्वास्थ्य जस्ता योजनाहरुमा साझेदारी गरी लगानी गर्ने उनले बताएका छन्।

मधेश प्रदेशमा मल कारखाना स्थापनाका लागि पनि भारत सकारात्मक रहेको जनाउँदै मुख्यमन्त्री यादवले भने, जग्गाको छनोट र लगानीको डीपीआर बनाएर चाँडै भारतीय दूतावासमार्फत भारत सरकारलाई पठाइने छ।

# साह श्रम यातायात मन्त्री हुने, कुशवाहालाई हटाइने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारमा लामो समयदेखि बिना विभागीय मन्त्री रहेकी सुरिता साह श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी पाउने भएकी छन्।

उनी जनता समाजवादी पार्टी(जसपा)बाट सरकारमा रहेकी छन्। मन्त्रीमण्डल पुनर्गठन हुँदा साहलाई बिना विभागीय मन्त्री बनाइएको थियो। प्रारम्भमा उनी सामाजिक विकास मन्त्री बनेकी थिइन्। तर मन्त्रालयहरुको नाम र कार्यक्षेत्र फेरिदा साहको विभाग खोसिएको थियो।

सामाजिकबाट शिक्षा र स्वास्थ्यलाई अलग अलग गरिएको छ। जनमत पार्टी संसदीय दलका नेता महेश यादव शिक्षा मन्त्रालय र नेपाली कांग्रेसका वीरेन्द्र सिंह स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्।

रिक्त रहेको श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी मन्त्री साहलाई दिने तयारी भएको उच्चस्रोतले जनाएका छन्।

स्रोतका अनुसार यातायात मन्त्रालयका लागि साहले पछिल्लो समयमा लविंग गरिरहेकी थिइन् ।जसपाका अध्यक्ष उपेन्द्र यादवले साहलाई यातायात मन्त्रालय दिन 'ग्रीन सिंग्नल' दिएको स्रोतले जनाएका छन्।

'साहलाई यातायात मन्त्रालयको जिम्मेवारी दिन अध्यक्ष यादव सकारात्मक भएका छन्' स्रोतले भने, उनी चाँडै विभाग पाउने भएकी छन्। हाल सो मन्त्रालयको जिम्मेवारी पनि मुख्यमन्त्री सरोज कुमार यादवले सम्हाल्दै आएका छन्।

साहसँगै विभाग खोसुवामा परेका वसन्त कुशवाहालाई भने हटाइने भएको छ। उनी कृषि मन्त्री हुँदा अनुचित दबाब र जातीय विभेद गरेको आरोप मन्त्रालयका प्रशासनिक निकायबाट

> 'साहलाई यातायात मन्त्रालयको जिम्मेबारी दिन अध्यक्ष यादव सकारात्मक भएका छन्' स्रोतले भने, उनी चाँडै विभाग पाउने भएकी छन् । हाल सो मन्त्रालयको जिम्मेवारी पनि मुख्यमन्त्री सरोज कुमार यादवले सम्हाल्दै आएका छन् ।

लागेपछि विभाग विहीन बनाइएका थिए।

जनमत पार्टीलाई सरकारबाट भने नहटाइए पनि कुशवाहालाई विदा गरिने तयारी भएको स्रोतले जनाएका छन्।

स्रोतका अनुसार गठबन्धन सरकारको धर्म विपरीत कार्य गरेकाले सरकारबाट उनलाई बिदा गर्नेमा जनमत बाहेकका सत्तासीन सबै दलहरु एकमत देखिएका छन्।

तर कुशवाहालाई हटाइए पनि जनमतकै एकजनालाई थप्ने अथवा कांग्रेसलाई थप मन्त्रालय दिने विषयमा टुंगो लागिसकेको छैन् । कांग्रेसले जोडबल गरे गृह, सञ्चार तथा कानुन मन्त्रालय पाउने बलियो सम्भावना छ ।प्रदेश सरकारमा सबै भन्दा ठूलो दल रहे पनि कांग्रेसले हाल २ वटा मन्त्रालय मात्र पाएका छन्। जनमतका कुशवाहालाई हटाएर अर्को मन्त्रालय थप्नेमा कांग्रेसको भूमिका महत्वपूर्ण हुने बताइएको छ।

कांग्रेसले नचाहे जनमतले एउटा शिक्षा मन्त्रालय मात्र पाउने छ। तर कांग्रेसले सघाए जनमतले गृह, सञ्चार र कानुन मन्त्रालय पाउन सक्ने बलियो सम्भावना छ। हाल सो मन्त्रालय मुख्यमन्त्री यादवको जिम्मामा रहेको छ।

प्रदेश सरकारमा हाल जसपा मुख्यमन्त्री सरोज कुमार यादव, अर्थमन्त्री सञ्जय कुमार यादव, उर्जा, सिँचाइ तथा खानेपानी मन्त्री सिंहासन सा कलवार र बिना विभागीय मन्त्री साह रहेका छन्।

कांग्रेसबाट भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा यादव र स्वास्थ्य मन्त्री वीरेन्द्र सिंह रहेका छन्। जनमतका शिक्षा मन्त्री महेशप्रसाद यादव र बिना विभागीय मन्त्री वसन्त कुशवाहा रहेका छन् । लोसपाबाट वन तथा वातावरण मन्त्री रमेश पटेल, नेकपा एसबाट कृषि मन्त्री गोविन्द बहादुर न्यौपाने रहेका छन्।

# गोली हानी महिलाको हत्या

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाको वडा नम्बर- २ मा एकजना महिलालाई शनिबार राति गोली हानी हत्या गरिएको छ।

नेपालको सर्वाधिक होँचो जमिन रहेको मुखियापट्टी मुसहरनियाको वडा नम्बर -२ को बेल्ही टोलमा बस्ती भन्दा करीब ५० मिटर उत्तर पूर्वको सडकमा महिलालाई गोली हानिएको स्थानीय वासिन्दाहरुले जनाएका छन् । मृतक महिलाको पहिचान खुल्न सकेको छैन् । बेल्ही टोलकी महिला नभएको स्थानीयहरुको दाबी छ। घटनास्थलमा पुगेका धनुषाका प्रहरी प्रमुख एसपी विश्वराज खड्काले जनाए अनुसार घटनास्थलमा २ वटा गोलीको खोका फेला परेको छ।

स्थानीयहरुका अनुसार राति करीब सवा ८ बजे गोली चलेको आवाज आएको थियो । महिलाको शव नेपाल र भारतको सीमा स्तम्भकै सामुने रहेको स्थानीय प्रत्यक्षदर्शीहरुले जनाएका छन् । घटनास्थलमा भारतीय प्रहरी पनि पुगेका छन्।

प्रहरीका अनुसार घटनामा २ वटा मोटरसाइकल प्रयोग भएको छ। स्थानीय वासिन्दाहरुले एउटा मोटरसाइकलमा २ जना सवार रहेको र भारततर्फ जाने बाटोबारे सोधेका थिए।

महिलाको पहिचान भारतीय नागरिकको रुपमा खुले शव भारतीय प्रहरीलाई जिम्मा दिने र नेपालीको रुपमा पहिचान भए पोष्टमार्टमका लागि जनकपुरधाम ल्याइने प्रहरीले जनाएको छ।

# अस्पताल विरुद्ध अदालत जाने

**टुडे समाचारदाता**

जनकपुरधाम। पाठेघरको शल्यक्रिया गराउन जाँदा मृत्यु भएकी सोनिया साहको परिवार सुरक्षा अस्पताल विरुद्ध अदालत जाने भएका छन्।

शनिबार अस्पताल प्रशासन र उनको परिवारबीच छलफल भएको थियो। तर, मृतकको परिवारले अदालत नै जाने निर्णय लिएको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जनाए।

मृतकको शव परिवारले बुझिसकेका छन्। प्रहरीले मुचुल्का उठाएपछि मुद्दा दर्ता गरिनेछ।

गत बुधबार कपिलेश्वरकी सोनिया पाठेघरको शल्यक्रिया गराउन अस्पताल भर्ना भएकी थिइन्। सोनियाको शुक्रबार अस्पतालमै मृत्यु भएको थियो।

उनको मृत्यु भएपछि परिवारजनले अस्पताल अगाडि शव राखेर प्रदर्शन गरेका थिए। त्यसपछि प्रशासनले अस्पतालमा तालाबन्दी गरेको थियो। सोनियाको मृत्यु भएपछि अस्पताल प्रशासनसहित चिकित्सकहरु फरार भएका थिए।






# सिद्धिस्वरमान अक्षलोक साहित्यिक पुरस्कार



काठमाण्डु । सिद्धिस्वरमान अक्षलोक साहित्यिक केन्द्रले विभिन्न व्यक्तिलाई 'सिद्धिस्वरमान अक्षलोक साहित्यिक पुरस्कार' प्रदान गरेको छ । केन्द्रद्वारा आज यहाँ आयोजित 'सम्मान, पुरस्कार अर्पण तथा पुस्तक लोकार्पण कार्यक्रम'मा नेपाली साहित्य, शिक्षा, समाज सेवालगायतका क्षेत्रमा योगदान पुर्याउने व्यक्तिलाई प्रदान गरिएको जनाएको छ ।

केन्द्रका अनुसार 'नेपाल भाषाको आमा खम्बा' पुरस्कार प्रकाश प्रधानाङ्ग, सत्यभामा माथेमा, नारायणदेवी श्रेष्ठ र सुवर्णकेशरी चित्रकारलाई प्रदान गरिएको छ । साथै 'नेपाल भाषाको तिकी झ्याः' पुरस्कार प्रतिसरा सायमी, सुलोचना मानन्धर, भूषणप्रसाद श्रेष्ठ र शशिकला मानन्धरलाई प्रदान गरिएको छ ।

नेपाल भाषाको आधारस्तम्भ मूःथा सम्मान स्व मोतीलक्ष्मी उपासिका, सिद्धिश्वरमान उत्कृष्ट साहित्यिक उत्प्रेरणा सम्मान उषा शेरचन, सिद्धिश्वरमान उत्कृष्ट नियात्रा साधक सम्मान घनश्याम राजकर्णिकार, सिद्धिश्वरमान उत्कृष्ट स्वास्थ्य तथा समाज सेवा सम्मान प्रा डा निराकारमान श्रेष्ठ, सिद्धिश्वरमान उत्कृष्ट युगल शिक्षा साधक सम्मान डा अम्भु भवानी कार्की, राजराम सैंजुलाई प्रदान गरिएको छ ।

सिद्धिश्वरमान उत्कृष्ट सूचना साधक सम्मानबाट स्व पुस्करलाल श्रेष्ठ, सिद्धिश्वरमान उत्कृष्ट भाषा तथा शिक्षा सम्मानबाट प्रा डा सुन्दरकृष्ण जोशी, सिद्धिश्वरमान उत्कृष्ट सञ्चार साधक सम्मानबाट कुमार रञ्जित, सिद्धिश्वरमान उत्कृष्ट साहित्य साधक सम्मानबाट भद्रकुमारी घले, सिद्धिश्वरमान उत्कृष्ट भाषा तथा संस्कृति संरक्षक सम्मानबाट अनिल महर्जन सम्मानित हुनुभएको छ ।

बाल साहित्य क्षेत्रमा पुर्याएको योगदानस्वरुप सिद्धिश्वरमान आजीवन साहित्य साधना पुरस्कारबाट बाल साहित्यकार शान्तदास मानन्धर नगद रु १० हजारसहित सम्मानित हुनुभएको छ । त्यस्तै शिक्षा क्षेत्रमा पुर्याएको योगदानस्वरुप सिद्धिश्वरमान-महेश्वरमान श्रेष्ठ उत्कृष्ट प्राध्यापक उत्प्रेरणा पुरस्कारबाट नगद रु १० हजारसहित प्रा डा शिवराज अधिकारी सम्मानित हुनुभएको छ ।

समाज सेवा क्षेत्रमा पुर्याएको योगदानस्वरुप सिद्धिश्वरमान-चन्द्रविष्णु अन्तर्राष्ट्रिय सामाजिक योगदान पुरस्कारबाट नगद रु १० हजारसहित सरला श्रेष्ठ सम्मानित हुनुभएको छ भने सिद्धिश्वरमान-विष्णुकुमार अग्रवाल उत्कृष्ट साना उद्यमी प्रोत्साहन पुरस्कारबाट नगद रु एक हजार एक सय एकसहित शैलाजा कसजु सम्मानित हुनुभएको छ ।

सो अवसरमा वरिष्ठ लेखक मोतीलक्ष्मी शाक्यले केन्द्रले नेपाली साहित्यमा नेपाल भाषा समेटेकामा खुसी व्यक्त गर्दै सम्मानित व्यक्तित्वको योगदानप्रति आभार प्रकट गर्नुभयो । सम्मानित व्यक्तित्वको तर्फबाट बाल साहित्यकार शान्तादास मानन्धरले नेपाली साहित्यमा सिद्धिस्वरमानको योगदान अमूल्य रहेको बताउँदै उहाँले सिकाएको संस्कृति अबको पुस्तालाई हस्तान्तरण गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो । केन्द्रका अध्यक्ष सुजन श्रेष्ठले केन्द्रले आगामी वर्षमा पनि नयाँ कृति विशेषाङ्कसहित सम्मान कार्यक्रम गरिने बताउनुभयो । कार्यक्रममा सिद्धिस्वरमान श्रेष्ठका लेख, रचनाको सङ्ग्रह 'अक्षलोक' र आमाछोरी सावित्रा श्रेष्ठ र डा स्वर्णिमा श्रेष्ठद्वारा संयुक्तरूपमा लिखित 'असाधारण' कविता सङ्ग्रह लोकार्पण गरिएको थियो । रासस

# बैंकिङ सूचना र अनुशासनमा सघाउने पुस्तक

काठमाण्डु । देशमा पछिल्लो समय फस्टाउँदै गएको बैंकिङ क्षेत्रका विविध विषयलाई समेटेर तयार गरिएको पुस्तक 'बैंकिङ अनुशासन-दिगो विकासका लागि' बजारमा आएको छ । पुस्तकले बैंकसम्बन्धी नीतिगत मार्गदर्शन, बैंकिङ साक्षरता र सचेतनाका साथै बैंक तथा वित्तीय क्षेत्रका बारेमा जीवन उपयोगी आवश्यक सूचनालाई समेटिएको छ ।

बैंकिङ क्षेत्रमा लामो समय काम गरेका यस विषयका जानकार विएन घर्तीको यो पुस्तक बैंकिङ क्षेत्रमा रुचि राख्ने सबैका लागि उपयोगी हुन सक्छ । झन्डै तीन दशक बैंकिङ क्षेत्रमा काम गर्नुभएका घर्तीले आफ्ना अनुभवदेखि अध्ययन अनुसन्धानमूलक लेख रचना पनि पुस्तकमा समावेश गर्नुभएको छ ।

बैंकमा कर्मचारीहरूलाई बिक्री लक्ष्यको भारी बोकाउने गरिएको हुन्छ र यसका कारण यस क्षेत्रभित्र अस्वस्थ प्रतिस्पर्धा पनि हुने गर्दछ भनिएको छ । यसरी लक्ष्य दिँदाका फाइदा र बेफाइदा के हुन् ? पारिश्रमिक दिनेगरी व्यावसायिक सञ्चालक नियुक्त गर्नुपर्ने कारण के हो ? बैंकहरू एक नम्बर हुने दौडमा सामेल हुँदाको प्रभाव के कस्तो हुन्छ ? यी विषयहरू पनि सो पुस्तकमा समावेश छन् ।

त्यसैगरी फाइनान्स कम्पनी र विकास बैंकको आवश्यकता, लघुवित्तको सकारात्मक र नकारात्मक पक्ष, बैंकिङ विकृति र नीतिगत विषयमा राष्ट्र बैंकको भूमिका, नीतिगत कमजोरीपूर्ण अवस्थालगायतका सामग्रीहरू यसमा संलग्न छन् । पूर्व बैंकर सशिन जोशीले पुस्तकको भूमिकामा वीएन घर्तीद्वारा लिखित बैंकिङ अनुशासन शीर्षकको पुस्तकलाई नेपाली बैंकिङ क्षेत्रको एक ज्ञानबर्द्धक खजाना हो भन्नुभएको छ । विगतमा भोगेका समस्याबाट पाठ सिकेर अघि बढ्न चाहनेहरूका लागि मात्र होइन, भविष्यमा बैंकिङ व्यवसायलाई अझ बढी व्यावसायिकरूपमा व्यवस्थापन गर्न चाहने बैंकिङ पेशाकर्मी र बैंक नियामकका लागि पुस्तक उपयोगी रहेको जोशीको टिप्पणी छ ।

लेखक घर्तीले सो पुस्तक बढेपछि बैंकिङ क्षेत्रका कर्मचारीमा केही न केही परिवर्तन आउने विश्वास राख्नुहुन्छ । पुस्तकमा व्यवस्थापन सङ्कायका विद्यार्थीका लागि पनि पाठ्यसामग्री समेटिएको छ । त्रिभुवन विश्वविद्यालयमा व्यवस्थापन सङ्कायका प्राध्यापक प्रा डा विष्णु खनालले व्यवस्थापन विषयमा अध्ययनरत विद्यार्थीलाई सरल तरिकाले कुरा बुझाउन पुस्तक सहयोगी हुने बताउनुभयो ।

पुस्तकका बारेमा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा चिरञ्जीवी नेपालले लेखक घर्ती आफैँ बैंकको तल्लो तहदेखि कार्यकारी नेतृत्वसम्मको जिम्मेवारी सम्हालेको र अनुभव भएको व्यक्ति भएकाले उहाँका अनुभव, अनुसन्धान र सिकाइ बैंक तथा वित्तीय संस्थाको जुनसुकै भूमिकामा रहेका व्यक्तिका लागि उपयोगी हुने भएकाले यो पुस्तक मार्गदर्शक बन्ने बताउनुहुन्छ । बैंकिङ एण्ड इन्स्योरेन्स म्यानेजमेन्ट प्रालि (विआइएम) द्वारा प्रकाशित सो पुस्तक चार सय ४४ पृष्ठको छ । रासस

# पशुपतिबाट वैदिक मन्त्रोच्चारणसहित सूचनाको हकका लागि समुदाय जागरण



काठमाण्डु । पशुपति क्षेत्रबाट वैदिक मन्त्रोच्चारणसहित सूचनाको हकका लागि समुदाय जागरणको दोस्रो हप्ताको कार्यक्रम गरिएको छ । सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ जिल्ला कार्य समिति काठमाडौंको आयोजनामा काठमाडौं महानगरपालिका-७ स्थित चाबहिल चोकबाट सुरु भएको जागरण यात्राको आरम्भमा वैदिक पण्डितले मन्त्रोच्चारण गरी कार्यक्रम आरम्भ भएको हो ।

जागरण यात्रा चन्द्रविनायक मन्दिर, मित्रपार्क, सिफल, जयवागेश्वरी, भुवनेश्वरी हुँदै वनकालीमा आएर सम्पन्न भएको थियो । कार्यक्रममा पशुपति मित्र माध्यमिक विद्यालय, स्थानीय क्लब एवं सङ्घ संस्थालगायत स्थानीयवासी र जनप्रतिनिधि सहभागी थिए । 'सूचना मागौँ, भ्रष्टाचारको अन्त्य गरौँ' भन्ने मूल नाराका साथ सुरु भएको प्रभात फेरीमा 'सूचना किन माग्ने ?', 'सूचना कहाँ माग्ने ?', 'कस्ता सूचना माग्ने ?', 'सूचना कसरी माग्ने ?', 'कस्लाई माग्ने ?', 'सूचना नदिनेलाई के हुन्छ ?' लगायत नारा लेखिएको पर्चा वितरण गरिएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्त कमला ओली थापाले स्वीडेनमा सूचनाको हक लागू भएको दुई सय ३५ वर्षपछि नेपालमा सूचनाको हक कार्यान्वयनको बाल चरणमा रहेको बताउनुभयो । अनियमितताका विरुद्ध सामाजिक सञ्जालमा लेखेरमात्र नहुने उल्लेख गर्नुहुँदै उहाँले त्यसका बारेमा सूचना माग गरेर पारदर्शिता कायम गराउन सकिने बताउनुभयो ।

"सूचना नपाएर आयोगमा पुनरावेदन गर्नेलाई सूचना दिन आदेश गर्ने गरिएको छ, आयोग दिनुपर्ने सूचना दिलाउन कठोर भएर लागेको छ, सूचना नदिनेलाई कारबाही हुन्छ", आयुक्त थापाले भन्नुभयो ।

पशुपति क्षेत्र विकास कोषका सूचना अधिकारी गौरीशङ्कर पराजुलीले सुशासनका लागि सूचनाको हक आवश्यक रहेकामा जोड दिनुभयो । कोषमा सूचना माग गर्नेलाई समयमै दिने गरिएको उल्लेख गर्नुहुँदै उहाँले कानुनमा तोकिएको समय अलि कम भएको हो कि ? भन्ने लागेको बताउनुभयो ।

काठमाडौँमहानगरपालिका-७ का अध्यक्ष विमलकुमार होडाले वडामा प्रत्येक महिना भए गरेका कामको सूचना विवरण बनाएर सार्वजनिक गर्ने परिपाटी बसालिएको जानकारी दिनुभयो । समुदाय जागरण यात्रामा वडा नं ८ का अध्यक्ष आशामान संगतको पनि सहभागिता रहेको थियो ।

कार्यक्रममा महासङ्घका केन्द्रीय अध्यक्ष उमिद बागचन्द र काठमाडौं उपत्यकाका अध्यक्ष तारबहादुर भण्डारीले सूचनाको हक नागरिकस्तरसम्म अभ्यासमा लैजान समुदाय जागरण अभियान सुरु गरिएको बताउनुभयो । गत असार ३० गते विश्वसम्पदा सूचीमा सूचिकृत बौद्धनाथ क्षेत्रबाट अभियान सुरु भएको थियो ।रासस

# अवैध सुन बरामद प्रकरणमा विस्तृत छानबिनका लागि अनुसन्धान अधिकृत तोकियो



काठमाण्डु । राजस्व अनुसन्धान विभागले गत बुधबार बरामद गरेको अवैध सुनबारे विस्तृत अनुसन्धानका लागि पाँच जना अधिकृत तोकेको छ । विभागले उनीहरुको नाम भने सार्वजनिक गरेको छैन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छलेर अवैधरूपमा नेपाल भित्रिएको ठूलो परिमाणको सुन विभागले बरामद गरेको थियो । यो प्रकरणमा हालसम्म पक्राउ परेका १० जनालाई अनुसन्धानका लागि म्याद थप गरेर बयान लिने क्रम चलिरहेको छ । त्यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका दुई जना कर्मचारीलाई निलम्बन गरिएको छ । ठूलो परिमाणमा भित्रिएको अवैध सुनको कारोबारमा जोडिएका अरु व्यक्तिको खोजीका लागि अनुसन्धान अधिकृतहरू तोकिएको राजस्व अनुसन्धान विभागले जनाएको छ ।

"विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृतहरू तोकिएर थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ । पक्राउ परेकाहरूले बयानमार्फत थप कसैको नाम पोल्ने र अनुसन्धान गर्दा थप प्रमाण फेला पार्न सकिन्छ कि भनेर अबको अनुसन्धान त्यतातर्फ केन्द्रित भएको छ", विभागका सूचना अधिकारी नवराज अधिकारीले रासससँग भन्नुभयो ।

यो प्रकरणबारे विस्तृत अध्ययन गर्नका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १० को व्यवस्थाअनुसार अनुसन्धान अधिकृतहरू तोकिएका छन् । पाँच सदस्यीय अनुसन्धान अधिकृतको समूहले उक्त अवैध सुनका विषयमा थप अध्ययन तथा अनुसन्धान गरी विस्तृत अध्ययन प्रतिवेदन तयार पारेर बुझाउने छ । ऐनले विभागका महानिर्देशक आफैँ रहन सक्ने वा महानिर्देशकको निर्देशनमा काम गर्ने गरी अनुसन्धान अधिकृत तोकिन सक्ने व्यवस्था गरेको छ ।

राजस्व चुहावटसँग सम्बन्धित प्रमाण सङ्कलन गर्दा कसुरमा मुछिएका व्यक्तिलाई पक्राउ गरी कारबाही चलाउने, गोदाम वा आवश्यकतानुसार अन्य स्थानको खानतलासी लिने, त्यस्तो गोदाम वा स्थानलाई सिल गर्ने, सम्बन्धित कागजपत्र तथा मालवस्तु आफ्नो कब्जामा लिनेलगायतका अधिकारसहित अनुसन्धान अधिकृतहरू तोकिएका हुन् ।

रेडी ट्रेडर्सका नाममा हङ्कङबाट आयात भएको दुईपाङ्ग्रे सवारीको पार्टस् (ब्रेक सु) भित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिर बरामद भएको थियो । उक्त सुन त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको सुरक्षा प्रणाली र भन्सार छलेर कसरी बाहिर आइपुग्यो भन्नेबारे पनि राजस्व अनुसन्धान विभागले अध्ययन गरिरहेको छ । त्यसका लागि विमानस्थल भन्सार तथा कार्गो गोदामका सिसीटिभी क्यामेराका फुटेज र सुरक्षा जाँचपासका क्रममा लिइएका एक्सरे मेसिनका इमेज थप अनुसन्धानका लागि भन्दै विभागले नियन्त्रणमा लिइसकेको छ । बुधबार बरामद भएको सुन हाल अनुसन्धानकै क्रममा रहेको र तौल तथा गुणस्तर परीक्षणसमेत हुन बाँकी रहेको नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार महाशाखाले जनाएको छ । रासस

# मनसुनी वर्षा सुस्त, मुलुकभर ६८ प्रतिशत रोपाइँ



काठमाण्डु । मुलुकमा जारी मनसुनी वर्षा केही सुस्त देखिएको छ । यस वर्षको वर्षा याममा कम पानी परेका कारण धान रोप्न किसानलाई समस्या भएको छ । पछिल्लो एक सातादेखि मनसुनी वर्षा पर्याप्त मात्रामा भएको छैन । भेगीय हिसाबले केही स्थानमा भारी वर्षा भए पनि देशभर निरन्तर वर्षा नहुँदा धान रोपाइँ प्रभावकारीरूपमा भएको छैन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार कृषि विभागको यही साउन ५ गतेसम्मको तथ्याङ्कअनुसार मुलुकभर ६८ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ । विसं २०७९ साउन ५ गतेसम्म ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । गत वर्षको भन्दा यस वर्ष सो अवधिमा २० प्रतिशत कम रोपाइँ भएको देखिन्छ । विशेषगरी मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा मनसुन ढिला सुरु भएका कारण धान रोपाइँ कम भएको विभागले उल्लेख गरेको छ ।

जल तथा मौसम विज्ञान विभाग मातहतको मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा मनसुनी वायुको आंशिक प्रभाव रहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको छ । यही कारणले तुलनात्मकरूपमा कम वर्षा भएको महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले बताउनुभयो । "अहिले मनसुन ब्रेकको अवस्था छ, वर्षाका क्रममा केही कमी आएको छ, वर्षा नै नहुने भन्ने त हैन तर, विगतका दिनको तुलनामा कम वर्षा हुने देखिन्छ", उहाँले भन्नुभयो । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानकोभन्दा दक्षिणतिर रहेकाले वर्षा कम भएको उहाँको भनाइ छ ।

महाशाखाकै अर्का मौसमविद् रोजन लामिछानेले पनि मनसुनी वर्षा पर्याप्त नहुँदा धान रोप्न किसानलाई समस्या भएको उल्लेख गर्नुभयो । "मनसुन वर्षा सरदर भन्दा केही कमजोर देखिएको छ । हरेक वर्ष मनसुनको एउटै 'प्याट्रन' हुदैन । तर, यो वर्ष मनसुन केही कमजोर देखिएको छ, अझै दुई/तीन दिन वर्षा राम्ररी हुने अवस्था देखिँदैन", उहाँले भन्नुभयो ।

मनसुन कमजोर रहे पनि खण्डितरूपमा मुलुकभर वर्षा भइरहेको मौसमविद् लामिछानेको भनाइ छ । कृषि विभागको विवरणमा कर्णाली प्रदेशमा विशेषगरि लम्पी स्कीन रोगका कारण गोरुको अभाव भई रोपाइँ थोरै प्रभावित भएको जानकारीमा आएको विभागले जनाएको छ ।

सुदूरपश्चिम प्रदेशमा रोपाइँ करिब सकिएको छ । विस्तारै मनसुन सक्रिय भइरहँदा, रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा र लम्पी स्कीन रोगको प्रभाव कम हुँदै जाँच्दा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै जाने विभागको अपेक्षा छ । मध्यतराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेका सन्दर्भमा साउन मसान्तसम्ममा ९० देखि ९५ प्रतिशतसम्म रोपाइँ हुने अनुमान गरिएको विभागले उल्लेख गरेको छ ।

**मनसुनी वर्षा ३७ प्रतिशत मात्रै**

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार जारी मनसुनमा हालसम्म देशभर ३७ प्रतिशत मनसुनी वर्षा भएको छ । शाखाका मौसमविद् सुदर्शन हुमागाईंका अनुसार जुन १ देखि जुलाई २१ तारिखसम्म देशभर सरदर पाँच सय ३८ दशमलव दुई मिलिमिटर वर्षा भएको छ । जुन सरदर वर्षाकै हाराहारीमा छ । पुरै मनसुन अवधिभर अर्थात् चार महिनामा नेपालमा एक हजार चार सय ६२ मिलिमिटर वर्षा हुन्छ ।

यस वर्षको मनसुन गत जेठ ३१ गतेदेखि नेपालमा प्रवेश गरेको थियो । नेपालमा सरदर जुन १३ देखि अक्टोबर २ तारिखसम्मको अवधिलाई मनसुन मानिन्छ । यसअघि विगतका वर्षभन्दा यो वर्ष मनसुनी वर्षामा हुने प्रक्षेपण गरिएको थियो ।

यसैबीच महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । सबै प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | बौद्धिक क्षमता । |
| बृष | प्रतिभा सम्पन्नता । |
| मिथून | अवसर प्राप्त । |
| कर्कट | पुरस्कार प्राप्त लाभ । |
| सिंह | शिक्षामा उन्नति । |
| कन्या | धन बृद्धि सञ्चय । |
| तुला | पारिवाहिक सुख । |
| बृश्चिक | भ्रमण अवसर हुने । |
| धनु | वाद विवादबाट बच्नु । |
| मकर | नयाँ कार्य हुने । |
| कुम्भ | सुख समृद्धि हुने । |
| मीन | प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# नगरपालिकाद्वारा किसानलाई विद्युतीय मोटर

**ओम प्रकाश यादव**

गरुडा । रौतहटको देवाही गोनाही नगरपालिका किसानलाई सिँचाइ सुविधाका लागि पानी तान्ने विद्युतीय मोटरसहित विभिन्न कृषि सामग्री वितरण गरिएको छ।



देवाही गोनाहीका नगर प्रमुख प्रेमलाल साहले शनिबार एक कार्यक्रमका बीच नगरका ९ वटै वडाका किसानलाई सिँचाइ प्रयोजनका लागि विद्युत मोटर, डेलिभरी पाइप, औषधि छर्कने स्प्रे ट्याङ्की, जैविक मललगायतका सामग्री वितरण गरेका छन्।

बेमौसमी तरकारी खेती परियोजना अन्तर्गत कृषियोग्य जमिनमा सिँचाइ सुविधा र कृषि उपजको उत्पादन बढाउनका लागि नगरका नवौं वडाका कृषकलाई पानी तान्ने मोटरसहितका सामग्री वितरण गरिएको नगरप्रमुख साहले बताए।

मोटर हस्तान्तरण कार्यक्रममा नगर प्रमुख साहले कृषिमार्फत रोजगारी सिर्जना गर्ने उद्देश्ले किसानलाई कृषि सामग्री वितरण गरेको बताए।

नगरका सबै ठाउँमा सिँचाइको सुविधा नभएकाले किसानहरूलाई खेती किसानी गर्न समस्या हुँदै आएको छ। कृषकहरूको सो समस्यालाई मध्यनजर गर्दै नगर प्रमुख साहले सिँचाइको सुविधा र उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन कृषि सामग्री वितरण गरेका छन्।

नगरपालिकाद्वारा विद्युतीय मोटरसहित कृषि सामग्री पाएपछि देवाही गोनाही नगरपालिकाका किसानहरु राहत महसुस गर्नुका साथै निकै खुशी व्यक्त गरेका छन्।

# तीन करोड बढी राजस्व संकलन

**टुडे समाचारदाता**

गरुडा । रौतहटमा आर्थिक वर्ष ०७९/०८० मा ट्राफिक राजस्व करीब दोब्बरले वृद्धि भएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटले आर्थिक वर्ष ०७८/०७९ को तुलनामा आर्थिक वर्ष ०७९/०८० मा करीब दोब्बरले राजस्व संकलन वृद्धि भएको देखिएको छ।

आर्थिक वर्ष ०७९/०८० मा जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले ३ करोड भन्दा बढी राजस्व संकलन गरेको छ।

ट्राफिक नियम उल्लंघन गरेर सवारी साधन चलाउने चालकलाई कारबाही गर्दा वर्षमा ३ करोड १० लाख ४ हजार राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटले जनाएको छ।

यस अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने ३८ हजार ५ सय ८२ वटा सवारी साधनलाई कारबाही गर्दा उक्त राजस्व उठेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटका प्रमुख एवम् प्रहरी निरीक्षक विमला कुमारी कठायतले जानकारी दिएकी छन्। आर्थिक वर्ष ०७८/०७९ को तुलनामा आर्थिक वर्ष ०७९/०८० मा एक करोड २२ लाख ३३ हजार ५०० रुपैयाँ बढी राजस्व संकलन गरिएको ट्राफिक कार्यालय प्रमुख कठायतले बताइन्।

कारबाहीमा पर्ने सवारी साधनहरुमा सबभन्दा बढी मोटरसाइकल रहेको छ भने अन्य सवारी साधनमा जिप, कार, टेम्पु, रिक्सा, बस, ट्रक लगायत रहेका छन्।

आर्थिक वर्ष ०७८/०७९ मा ट्राफिक नियम उल्लंघन गर्ने १९ हजार ६ सय सवारी साधनलाई कारबाही गर्दा १ करोड ७८ लाख ७० हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको थियो भने आर्थिक वर्ष ०७७/०७८ मा १ करोड ४७ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन भएको थियो।

त्यस्तै,आर्थिक वर्ष ०७९/०८० मा जिल्लामा रहेका साना ठूला गरी ६ सय ४५ वटा सवारी साधन दुर्घटनामा परेको छ।

६ सय ४५ वटा सवारी साधन दुर्घटनामा पर्दा महिला र पुरुष गरी ५० जनाको मृत्यु भएको छ भने १ हजार ४७ जना घाइते भएका छन्।

जसमध्ये २ सय ५८ जना गम्भीर घाइते भएका छन्, भने ७ सय ८९ जना सामान्य घाइते भएको ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

त्यस्तै, मापसे गरी सवारी चलाउने ४ सय सवारी चालकलाई कारबाही गरी ४ लाख राजस्व संकलन गरिएको छ, भने क्षमता भन्दा बढी बोक्ने ११ वटा सवारीलाई कारबाही गर्दा २ लाख ११ हजार २३६ राजस्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

## जलेश्वर भन्सारको राजस्व असुलीमा कमी

जलेश्वर। महोत्तरीको प्रमुख भन्सार कार्यालय जलेश्वरको राजस्व असुलीमा २२ प्रतिशतले कमी आएको छ। जलेश्वर भन्सारले आर्थिक वर्ष २०७९/८० मा लक्ष्यभन्दा कम राजस्व असुली गरेको हो।

जलेश्वर भन्सार कार्यालयका प्रमुख अमित पौडेलका अनुसार भन्सार विभागले आर्थिक वर्ष २०७९/८० मा रु तीन अर्ब ६३ करोड ९१ लाख राजस्व असुलीको लक्ष्य दिएकामा रु दुई अर्ब ८१ करोड ७३ लाख मात्रै असुल गरेको छ। आर्थिक वर्ष २०७८/७९ भन्दा २२ प्रतिशत अर्थात् रु ८२ करोड कम राजस्व असुल भएको छ।

प्रमुख पौडेलका अनुसार यस वर्ष उक्त नाकाबाट पेट्रोलियम पदार्थ ढुवानीमा कमी, आलु र प्याज ढुवानीमा कमीलगायत कारणले राजस्व कम असुल भएको हो। जिल्लाको छोटी भन्सार नाका मटिहानी, सम्सी, रघुनाथपुर र कट्टिकटैया सञ्चालनमा नआउँदा समेत राजस्व असुली प्रभावित बनेको उहाँको भनाइ छ। रासस

# वीरगञ्जमा खानेपानीको हाहाकार

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-१२ का लड्डुप्रसाद साहले बिहान करिब तीन घण्टाको सङ्घर्षपश्चात् बल्लतल्ल पाँच लिटर खानेपानी जोहो गर्न सक्नुभयो।



खानेपानीको खाली जार बोकेर बिहान ४ बजे घरबाट निस्किनुभएका साहले वीरगञ्ज बजारको मुख्य सडक र गल्लीमा जडान भएका ट्युबवेल तथा धारा चाहार्दै करिब पाँच किलोमिटर पैदलयात्रा गरेर बिहान ७ बजेसम्ममा बल्लतल्ल पाँच लिटर खानेपानी जम्मा पार्न सक्नुभयो।

"लामो समयदेखि वर्षा नभएर घरमा जडान गरिएका ट्युबवेल सुकेर पानी आउन छाडेको छ", साह भन्नुहुन्छ, "त्यसैले पानीको जोहो गर्न खाली जार बोकेर बिहानै ४ बजे घरबाट निस्के तर सडक छेउका अधिकांश ट्युबवेल सुकिसकेकाले थोरैथोरै पानी जम्मा गर्दैगर्दै घन्टाघरसम्ममा पाँच/छ लिटर पानी जोहो गर्न सकियो, जोहो गरिएको पानीले अहिले तत्काल केहीबेरका लागि त समस्या टऱ्यो, तर दिनभरि कसरी चलाउने भन्ने चिन्तामा छौँ।"

आफ्नो पाँच जनाको परिवारलाई दैनिक कम्तीमा एक सयदेखि एक सय ५० लिटर पानी चाहिने उहाँ सुनाउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "सङ्घर्ष गरेर जोहो गरिएको पाँच/छ लिटर पानीले खाना पकाउन त सकिन्छ, तर के पिउने, भाँडा केले धुने र कसरी नुहाउने भन्ने समस्यामा छौँ।"

बिहानै ५ बजे उठेर नुहाईधुवाइ गरेर नियमित पूजाआज गरी मात्र दैनिक काममा निस्किने वीरगञ्ज-६ का राजेश गुप्ता पानी अभावमा न नुहाएको चार दिन भइसक्यो। "घरमा खानेपानीका लागि जडान गरिएको ट्युबवेलबाट पानी आउने छाडिएको छ", मिनाबजारमा पसल सञ्चालन गर्दै आउनुभएका गुप्ता भन्नुहुन्छ, "घरको ट्युबवेल सुकेर पानी आउन छाडेकाले छिमेकीको घरमा जडान भएको खानेपानी धाराबाट पानी ल्याएर पिउने गरेका छौँ।"

पर्याप्त पानी नभएकाले तीन/चार दिनदेखि नुहाउन नपाएको उहाँको दुखेसो छ। परिवारका १० सदस्यका लागि दैनिक खाना पकाउने वीरगञ्ज-१४ भिस्वाका सुमित्रादेवीलाई घरमा खानेपानी नहुँदा समस्या भएको छ। "खाना पकाउन पानी चाहिन्छ, तर ट्युबवेलमा पानी आउँदैन", सुमित्रादेवीले भन्नुभयो, "यस्तो अवस्थामा खाना कसरी बनाउने र भाँडाकुँडा कसरी धुने भन्ने चिन्ताले पिरोलिरहेको छ।"

गर्मी मौसमका समयमा खानेपानीको समस्या बर्सेनि हुने गरे पनि अहिलेको जस्तो खानेपानीको हाहाकार कहिले नदेखिएको स्थानीय ७५ वर्षीय शङ्कर साह कलवारको भनाइ छ।

यो समस्या वीरगञ्जका लड्डु, राजेश, समित्रा वा शङ्करको मात्र होइन वीरगञ्जका अधिकांशको समस्या हो। वीरगञ्जका अधिकांश क्षेत्रमा अहिले खानेपानीको हाहाकार भएको छ। लामो समय खडेरी परेपछि पानीका मुहान सुक्न थालेपछि चापाकललगायतका धारामा एकाएक पानी आउन छाडेको हो।

लगातार ४० देखि ४५ डिग्रीसम्मको गर्मीले पानीका मुहान सुक्दै जाँदा खानेपानीको समस्या भएको स्थानीयको भनाइ छ। वीरगञ्जको छपकैया, मिनाबजार, भिस्वा, नगवा, मुर्ली, तेजारथ टोल, प्रतिमा चोक, ब्रह्म चोक, भन्सारलगायतका क्षेत्रमा स्थानीयले खानेपानीका लागि आआफ्नो घरमा जडान गरेको चापाकल सुक्दै गएको छ।

बिहानदेखि साँझसम्म नै एकैनाशले लागेको चर्को घामका कारण चापाकलको पानी नै सुकेर पानीको समस्या भएको वीरगञ्ज-१५ भिस्वा निवासी माया लामा बताउनुहुन्छ। मानव जीवनमा पानीबिना कुनै काम नै नहुने भन्दै पानीकै अभावले अहिले प्याकप्याक हुन थालेको उहाँको गुनासो छ।

अहिले टोल, संघ संस्था, विद्यालय, कलकारखानामा पानीको अभाव खड्किएको छ। लामो समयदेखिको खडेरीले पानीका मुहान सुक्न थाल्नुका साथै मोटर जल्ने तथा करेन्ट लाग्नेसमेत हुन थालेको छ। महानगर क्षेत्रभित्र खानेपानीको हाहाकार देखिएपछि महानगरपालिकाले वीरगञ्जका विभिन्न स्थानमा खानेपानीका लागि ट्याङ्करबाटै पानी वितरण गरेको छ।

जमिनको सतह मुनिबाट पानी तानेर ट्याङ्कीमा पानी सङ्कलन गरी वडाका बासिन्दालाई ट्याङ्करबाटै पानी वितरण गर्दै आएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल बताउनुहुन्छ।

"महानगरले दैनिक ट्याङ्करबाटै पानी वितरण गर्दै आएका छौँ", उहाँ भन्नुहुन्छ, "महानगरभित्र खानेपानीको माग धेरै छ, हामीसँग पानी वितरण गर्ने ट्याङ्कर थोरै छ, भ्याएसम्म वडावडामा ट्याङ्कर पुगेर पानी बाँड्दै आएको छ।"

यसबाहेक खानेपानीको समस्या समाधानका लागि खानेपानी संस्थान र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग पनि समन्वय भइरहेको प्रमुख प्रशासकीय अधिकृत पौडेलको भनाइ छ।

खानेपानीको समस्यालाई दृष्टिगत गरी महानगरपालिकाले अनधिकृतरूपमा डिप बोरिङ जडान कार्य बन्द गर्न सूचना जारी गरेको छ। "पछिल्लो समय स्थानीयले अनधिकृतरूपमा डिपबोरिङ जडान गरिरहेको पाइएको छ", उहाँ भन्नुहुन्छ, "लामो समयदेखि वर्षा नभएर जमिनमुनि पानीको सतह घट्दै गएको छ, यस्तो अवस्थामा जथाभावी डिप बोरिङ जडान गरिए अझ खानेपानीको समस्या बढ्न सक्छ, त्यसैले यस्तो नगर्न सूचना जारी गरेका छौँ।"

अनुमतिविना जथाभावीरूपमा डिपबोरिङ जडान गर्ने कार्य भएको पाइएमा त्यस्तो कार्य गर्ने र गराउने दुवै पक्षलाई कारबाही गरिने उहाँको भनाइ छ।

नेपाल खानेपानी संस्थानका प्रमुख ई निरन महर्जनले वीरगञ्ज महानगर क्षेत्रभित्र देखिएको खानेपानीको समस्यालाई मध्यनजर गरी महानगरका हरेक वडामा सार्वजनिक धारा जडान गर्ने योजना बनाइएको बताउनुभयो।

"हरेक वडामा सार्वजनिक धारा जडानका लागि महानगरपालिकासँग सम्झौता भएको छ", प्रमुख महर्जनले भन्नुभयो, "यो सम्झौताअनुसार वडा वडामा सार्वजनिक धारा जडानका लागि उपभोक्ता समिति गठनलगायतका प्रक्रिया सुरु गरिसकेका छौँ।" छिट्टै त्यो कार्य गर्छौँ र खानेपानी पुऱ्याउँछौँ", उहाँले भन्नुभयो।

वीरगञ्ज र यस आसपासका क्षेत्रमा केही दिनयता चापाकल सुकेर खानेपानीको समस्या भएपछि केही पर्सा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादवले सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतकसमेत रहनुभएका यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमै भेटेर वीरगञ्जमा निम्तिएको खानेपानीको भयावह स्थितिबारे ध्यानाकर्षण गराउनुभएको थियो। रासस

## नयाँ नेतृत्व चयनका लागि मतदान



**टुडे समाचारदाता**

मलंगवा । लालबन्दी साझेदारी वन उपभोक्ता समितिको नयाँ नेतृत्व चयन गर्न शनिबार हरि पुरस्थित महावीर जनता बहुमुखी क्याम्पसमा शान्तपूर्वक रुपमा मतदान भएको छ।

साँझ मतदान सकेर अब केही समयपछि मतगणना सुरु गर्ने तयारीमा लागिएको निर्वाचन समितिका एक जना सदस्यले जानकारी दिए।

मतदानमा कूल ५०९ मत खसेको छ। यो वन क्षेत्र अन्तर्गत पर्ने १० वटा पालिकाका ७८ वडाबाट ७ जनाको दरले छानिए आएका प्रतिनिधिले आज मतदान गरेका छन्।

वनको नेतृत्वका लागि लालबाबु यादव, अन्जुदेवी यादव र खेमबहादुर थापा प्यानलसहित चुनावी प्रतिस्पर्धामा छन्। वनको यो निर्वाचनमा दलहरुले गठबन्धन नै गरेका छन्।

यसअघि जानकीनगर साझेदारी वनको चुनावमा पनि दलहरुले गठबन्धन नै गरेका थिए।

## दुर्घटनामा तीनजनाको मृत्यु

इनरुवा। सुनसरीको इटहरी-१७ काञ्छी चौकस्थित पूर्व-पश्चिम राजमार्गमा शनिबार दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा इटहरी-१६ का २६ वर्षीय करण चौधरी, २७ वर्षीय शम्भु चौधरी र २४ वर्षीय अनिनेश चौधरी रहेको सुनसरीका प्रहरी उपरीक्षक राजकुमार राईले जानकारी दिनुभयो।

चारजना चढेको मोटरसाइकल पिकअपसँग ठोक्किएर दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको प्रहरीले जनाएको छ। पश्चिमतर्फ जाँदै गरेको भारतीय नम्बर डब्ल्यु बी ७३ ई ९११७ को पिकअपसँग पश्चिमबाट पूर्व आउँदै गरेको कोश्१प ३७१२ नंको मोटरसाइकल एकापसमा ठोक्किएको थियो।

दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार चारैजनालाई उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको थियो। उपचारका क्रममा करण, शम्भु र अनिनेशको मृत्यु भएको प्रहरी उपरीक्षक राईले बताउनुभयो।

गम्भीर घाइते भएका २७ वर्षीय प्रेमलाल चौधरीको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ। पिकअप चालक भारत दार्जीलिङ फोडियाढीका ३२ वर्षीय गोबिन्द बरमुनलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको राईले बताउनुभयो। मोटरसाइकल तीव्र गतिका कारण दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। रासस

# 'फेसियल' उपचारका लागि अलग्गै अस्पताल

काठमाण्डु। अनुहारमा देखिने खुँडोपनलगायतका विभिन्न समस्याको उपचारका लागि नेपालमा 'क्रेनियोफेसियल' सम्बन्धी अलग्गै अस्पताल स्थापना हुने भएको छ।

अन्तर्राष्ट्रिय संस्था क्लेफ्ट चिल्ड्रेन इन्टरनेसनलको आर्थिक सहयोग तथा क्रेनियोफेसियल सर्जन डा सुमित सिंहको पहलमा काठमाडौंको नख्खुमा सो उक्त अस्पताल स्थापना गर्न लागिएको आज यहाँ आयोजित एक कार्यक्रममा जानकारी दिइयो। आगामी डेढ वर्षमा सो अस्पताल स्थापना हुनेछ।

क्रेनियोफेसियल सर्जन प्रा डा हर्मन सेलरद्वारा स्थापित क्लेफ्ट चिल्ड्रेन इन्टरनेसनलको आर्थिक सहायतामा सञ्चालन हुने यस अस्पतालमार्फत मानिसको अनुहारमा हुने खुँडोपन, चोटपटक या दुर्घटनाबाट अनुहार कुच्चिएको या बिग्रिएको र अन्य समस्याको पनि उपचार हुनेछ।

सो अस्पतालको स्थापना नहुँदासम्म एकद्वार उपचार केन्द्रका रूपमा बसुन्धरामा रहेको कान्तिपुर डेन्टल जनरल अस्पतालबाट सो सेवाको सुरुआत गरिएको छ। क्लेफ्ट चिल्ड्रेन इन्टरनेसनले यस्तो प्रकृतिको अस्पताल भारत तथा अफ्रिकाका विभिन्न मुलुकहरूमा पनि सञ्चालनमा ल्याएको छ।

नेपालका विपन्न नागरिकलाई निःशुल्करूपमा उपचार गर्ने उद्देश्ले नेपालमा पहिलोपटक उक्त अस्पताल स्थापना हुन लागेको क्रेनियोफेसियल सर्जन डा सिंहले जानकारी दिनुभयो। सो कार्यक्रममा डा सिंहले नेपालमा हरेक आठ सयमध्ये एक जनामा खुँडोपन तथा अनुहारका विभिन्न विकृतिसम्बन्धी समस्या रहेको जानकारी गराउनुभयो।

डा सिंहका अनुसार पहिलो चरणमा प्रत्येक वर्ष पाँच सय जनालाई निःशुल्क सेवा दिने र अस्पताल पूर्णरूपमा सञ्चालनमा आएपछि वार्षिक एक हजार पाँच सय जनालाई निःशुल्क सेवा दिने लक्ष्य लिइएको छ। रासस


**श्री महावीर युवा कमिटी**
महावीर चौक, जनकपुरधाम-५

**निर्वाचन समिति २०८० को निर्वाचन सम्बन्धी सूचना**

आदरणीय सदस्य महानुभावहरु,

श्री महावीर युवा कमिटीको कार्यसमितिको निर्वाचन सम्बन्धी कार्यक्रम तपसिल बमोजिम हुने भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

**निर्वाचन कार्यक्रम तथा नियमावली प्रकाशन**

**सदस्यता नवीकरण (अन्तिम मिति) : मिति २०८०/०४/०७ गते साँझ ७ बजे सम्म**

२०८० श्रावण ८ गते सोमवार बिहान १० बजे : निर्वाचन नियमावली प्रकाशन
२०८० श्रावण ८ गते सोमवार बिहान ११ बजे : मतदाता नामावली प्रकाशन
२०८० श्रावण ८ गते सोमवार दिउँसो १२ देखि ३ बजे : मतदाता नामावली माथि दाबी विरोध तथा नाम सच्याउने
२०८० श्रावण ८ गते सोमवार साँझ ५ बजे : अन्तिम मतदाता नामावली प्रकाशन

**२०८० श्रावण ९ गते मंगलबार :**
उम्मेदवारको मनोनयन पत्र वितरण : बिहान १० बजे देखि ११:०० बजे सम्म
मनोनयन पत्र दाखिला : बिहान ११:३० बजे देखि २ बजेसम्म
उम्मेदवारहरुको नामावली प्रकाशन : दिउँसो ४:०० बजे

**२०८० श्रावण १० गते बुधवार :**
उम्मेदवार माथिको दावी विरोध : बिहान १०:०० बजे देखि ११:०० बजे सम्म
मनोनयन पत्र फिर्ता : बिहान १२:०० बजे देखि २:०० बजे सम्म
उम्मेदवारको अन्तिम नामावली प्रकाशन : दिउँसो ५:०० बजे

**२०८० श्रावण १३ गते शनिबार :**
१) मतदान बिहान ८:०० बजे देखि ४:०० बजे सम्म
२) मतगणना - मतदान पश्चात
३) मतगणनाको परिणाम घोषणा

**नोट :** १) निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यक्रम श्री महावीर युवा कमिटीको कार्यालय परिसरमा हुनेछ।
२) निर्वाचन सम्बन्धि सम्पूर्ण जानकारी श्री महावीर युवा कमिटीको सूचना पाटीमा टाँस गरिनेछ।

प्रमुख निर्वाचन अधिकृत



**रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !**

जनकपुर अञ्चल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र-सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

**CTEVT द्वारा मान्यता प्राप्त**

२०८०/०८१ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

**DIPLOMA PROGRAMME**

समान्य चिकित्सा (H.A)- ३ बर्षे
आयुर्वेद समान्य चिकित्सा (A.H.A) -३ बर्षे
ल्याब टेक्निसियन (C.M.L.T) -३ बर्षे

**PRE-DIPLOMA PROGRAMME**

विद्युत सब-ओभरसियर (E.S.O.) -१८ महिने
सिभिल सब-ओभरसियर (C.S.O) -१८ महिने
सर्भे ईन्जिनियरिङ्ग (अमिन नाप) -१८ महिने

कोषहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि डिप्लोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस्।


**फारम भर्ने अन्तिम मितिः- २०८० श्रावण १२ गते सम्म।**
**Diploma को प्रवेश परिक्षा हुने मितिः २०८० श्रावण २४ गते बिहान ०८:०० बजे।**
**Pre-Diploma को २०८० श्रावण २४ गते दिउँसो १ बजे।**

**सम्पर्क स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
फोन नं. ०४१-४२१३६२, मो.नं. ९८१२०९१४६४, ९८५४०२०५६४, ९८४४०३८३६७

# सन्दर्भ बिपी स्मृति दिवस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### सरकारी विभेद बन्द गर

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सरकारले गर्ने विभेद अझै बढ्दो छ। सामाजिक विभेद भन्दा बहुत खतरनाक ढंगले राज्यबाट हुने विभेद देखिएको छ। सामाजिक रुपमा हुने विभेदहरु हटाउन राज्यले अनेक कानुन बनाएको छ। समाजमा गरिने विभेदबाट मुक्तिका लागि अदालतमा मुद्दा चल्छ । तर राज्यबाट हुने विभेद विरुद्धको कानुन छैन् । संविधानमा उल्लेख भएका कतिपय धाराहरुको कार्यान्वयन नहुँदा राज्यबाट भइरहेको विभेदको दायरा फराकिलो बन्दै गएको छ। राज्यले गर्ने राजनीतिक नियुक्तिहरु एकतर्फी र खास पहिचान भएका जातिहरुलाई मात्र गरिन्छ । सरकारी अवसरमा सबै सहभागिता हुनुपर्छ । राष्ट्रियतालाई बलियो बनाउन सम्पूर्ण देशवासीलाई संविधानले व्यवस्था गरे अनुसारको अवसरलाई सुनिश्चित गर्नुपर्छ। राज्यले विभेद गर्दा राष्ट्रियता सबल हुन सक्दैन् । राज्यको साधनस्रोतमा सम्पूर्ण देशवासीको पहुँच हुनुपर्छ । राजदूतको नियुक्तिदेखि संवैधानिक निकायमा हुने नियुक्तिसमेतमा सबैलाई अवसर दिनुपर्छ। तर देशका प्रमुख राजनीतिक दलहरुले हरेक नियुक्तिमा बाँडफाँट गरी कतिपय जातजाति, समुदायलाई अवसरबाट वञ्चित गरिन्छ । राजनीतिक प्रणाली नै दुरुस्त नभए अन्य प्रणालीलाई सुधार गर्न पनि सहज छैन्। सरकारले विभिन्न देशका लागि राजदूतहरुको सिफारिस गरेको छ। त्यसमा एकजना पनि मधेशी परेका छैनन्। यस्ता कयौं नियुक्तिहरुमा मधेशीलाई राखिदैन्। मधेशीहरुलाई अवसरबाट राज्यले वञ्चित गरी मधेशमा सत्ताप्रति वितृष्णा उत्पन्न गराउने बाहेक केही होइन्। समानताको हक खोसिदा नै विद्रोह हुने गरेको छ। देशमा सबै पक्षलाई राज्यले समान अवसर दिएको अनुभूति गराउनु आवश्यक छ। मधेशी पनि नेपाली नै हुन् । उनीहरुको राष्ट्रियता पनि नेपाली नै हो । देश भित्र पहिचानका लागि धेरै लडाइ लडेका मधेशहरुसित अझै विभेद भइरहनु न्यायोचित होइन् । मधेशीलाई पनि राज्यले नेपाली मानेर नै अधिकार दिनुपर्छ। देशको संवैधानिक क्षेत्र, न्याययिक क्षेत्र, उच्च प्रशासन(सचिव) महानिर्देशकमा मधेशीको संख्या औँलामा गणना गर्दा पनि नपुग्ने रहेको छ। राज्यले त्यसलाई अझ बढी जातिमुखी बनाउन थालेको छ। देशको नीति निर्माण तहमा रहेका जाति विशेषले राजनीतिकलगायत संवैधानिक नियुक्तिहरुमा मधेशीलाई अवसर दिएको छैन् । सत्ता साझेदार दलका नेताहरु समेत सरकारबाट भएका नियुक्तिहरुको विरोध गरेका छन्। त्यसलाई सरकारले वेवास्ता गरेको छ।त्यस विरुद्ध सरकारकै साझेदार जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादवले मुख खोलेका छन् । उनले राजदूत नियुक्तिमा विभेद गरिएको प्रष्टयाउँदै त्यसको विरुद्ध आवाज उठाउने बताएका छन् । राज्यले गरिरहेको विभेदको अन्त्य नभए सडक र सदन दुबैमा विरोध गर्ने उनले जनाएका छन् ।देशमा अधिकारका लागि नै सधै आन्दोलन भइरहे विकास कहिले होला ?देश मेरो पनि हो भने अनुभूति कसरी गर्ने ? त्यसतर्फ राज्य गम्भीर हुनु आवश्यक छ।



अर्जुननरसिंह केसी

जननायक महामानव आदि विशेषण र कार्यकर्ताहरूले सान्दाजु शब्दद्वारा पनि पुकारिने नेपाली कांग्रेसका स्थापक नेता बिपी कोइराला कांग्रेसका मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष हुनुहुन्थ्यो । नेपालका राष्ट्रिय राजनीतिमा उहाँभन्दा लोकप्रिय तथा अग्लो व्यक्तित्व आजसम्म अरु देखिएको छैन । उहाँलाई मूर्धन्य नेताहरूले पनि आफ्नो नेता मान्ने गर्दथे । जुन उच्च मान्यता आजतक कायमै छ। नेपालको राजनीतिमा सबैभन्दा धेरै शब्द खर्चिएका र अन्तर्राष्ट्रिय राजनेताका रूपमा उहाँको नाम आउँछ। चीनमा राष्ट्रिय स्वाधीनता तथा एकता जनतन्त्र र समाजवादको लागि डा सनयात सेनको र भारतमा सर्वोदय नेता जयप्रकाश नारायणको जुन राजनीतिक स्थान छ, बिपीत्यही स्तरको नेता हुनुहुन्थ्यो।

विश्वेश्वरप्रसाद राजनीतिक जीवन त्यतिखेर भारतमा चलिरहेको भारतको स्वतन्त्रता आन्दोलनबाट भएको थियो। उहाँ भारतीय स्वतन्त्रता संग्राममा पनि सेनानी हुनुहुन्थ्यो। भारतबाट बृटिस शासन नहटेसम्म नेपालमा उसद्वारा पालित पोषित राणा शासन ढल्न र प्रजातन्त्रको नयाँ युग आउन कठिन हुने हुँदा भारतीय स्वतन्त्रता संग्रामलाई नेपालमा लोकतन्त्र स्थापनाको आधार मान्नुभएको थियो । उहाँले आफ्ना पिता कृष्णप्रसाद कोइरालाको जेलमै निधन हुँदा उहाँ भारतको हजारीबाग जेलमा राजबन्दी हुनुहुन्थ्यो । आन्दोलनमा लागेकै कारण विश्वेश्वरप्रसाद र उहाँका दाजु मातृकाप्रसाद कोइरालालाई विसं १९८६ मा तीन महिनासम्म बेलायती सरकारले कैद गरेको थियो । यसपछि नै उहाँको राजनीतिक जीवनको सुरुवात भएको थियो। भारतीय राजनीति र समाजमा पनि समाजमा पनि उहाँको गाढा प्रभाव थियो। भारत प्रवासमा रहेकै बेला भारतको परिवर्तन देखेर उहाँले नेपालमा पनि परिवर्तन ल्याउने प्रयास गर्नुभयो। विसं २००३ मा उहाँले भारतबाट समाजवादी नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गर्नुभएको थियो भने २००६ सालमा उहाँकै पहलमा नेपाली कांग्रेस पार्टी बनेको थियो।

विसं २००३ मा विराटनगर मजदुर आन्दोलनको नेतृत्व गरेको अभियोगमा उहाँलाई नेपाल सरकारले एक वर्ष कैद गरेको थियो। सात सालको क्रान्तिमा विश्वेश्वरप्रसाद कोइरालाको महत्वपूर्ण योगदान रहेको थियो जसलाई नेपालको प्रजातान्त्रिक आन्दोलन पनि भन्ने भनिन्छ। २००७ सालमा उहाँले नेपालमा राणा शासनको अन्त्यको लागि सैनिक सङ्घर्ष सुरु गर्नुभएको थियो । सोही वर्ष राणा शासनको अन्त्य भयो र नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना भएको थियो। तात्कालिक समयमा देशमा रहेको जहानीयाँ वा एकतन्त्रीय राणा शासन विरूद्ध सुरू भएको जनताको क्रान्ति २००७ फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापनामा आएर रोकिएको थियो । व्यापक अध्ययन, चिन्तन तथा ठोस विश्लेषण व्यवहारमा उदारता तथा निर्णयमा अडान कर्तव्यको पुकारमा ज्यानको बाजी लगाएर भएपनि संघर्षमा होमिने आँट, मानवीय जीवनका साथै जनताका भावना र आवश्यकता बारे तीक्ष्ण तथा सुक्ष्म दृष्टिकोण बनाउन सक्ने कला, दार्शनिक पक्षमा गहिरो ज्ञान, संघर्षले दिएको अनुभवबाट बनेको दुर्धर्ष आत्मबल, अपरिग्रहयुक्त जीवनशैली आदि उहाँको व्यक्तित्वका ज्वलन्त विशेषता थिए। उहाँले दक्षिण एसियाको अवस्थितिमा नेपालकोअस्तित्व, पार्टी र जनताका बीच कार्यकर्ताको भूमिका, जातीय विविधता भएको समाजमा राजनीतिक नेताको भूमिका, मुलुक गरिब तथा शोषित जनसमुदाय भएको अवस्थामा राष्ट्र नै लाभान्वित हुने खालको आर्थिक विकासका लागि राजनीतिक दल र नेताहरूले निर्वाह गर्नुपर्ने भूमिका जस्ता विषयमा उहाँले कार्यकर्ताहरूलाई निरन्तर प्रशिक्षित गरिरहनुभयो। राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई नेपाली कांग्रेसका आधारभूत सिद्धान्तका रूपमा स्थापित गराउने सर्वोच्च सिद्धान्तकार नेता उहाँ नै हुनुहुन्थ्यो।




सत्तामा उहाँ २००७ सालमा आठ महिना गृहमन्त्री र २०१६ सालमा साढे एक वर्ष प्रधानमन्त्री रहनुभयो । उहाँले बाँकी सम्पूर्ण जीवन लोकतन्त्र प्राप्तिको संघर्षमै लगाउनुभयो । त्यसक्रममा उहाँले राणाशाही बिरुद्ध जेलभित्रैबाट आमरण अनशन गर्नुभयो। विसं २००७ सालको जनक्रान्ति, २०२५ सालपछि २०३३ सालसम्म सशस्त्र आन्दोलनको पनि उहाँले नेतृत्व गर्नुभएको थियो। विसं २०१४ सालको भद्रअवज्ञा आन्दोलन वा २०३६ सालको विद्रोह तथा तत्कालीन राजालाई जनमत संग्रहको घोषणा गर्नुपर्ने परिस्थितिमा पुऱ्याउने राजनीतिक कार्यमा उहाँको ऐतिहासिक योगदान छ। उहाँ यथास्थितिवादी राजनीतिका एक नेता भएर होइन, राजनीतिको गतिलाई मोड्न सक्ने उहाँलाई तार्किक टुंगो दिनसक्ने र हर राजनीतिक परिस्थितिलाई प्रजातन्त्र अनुकूल बनाउन सक्ने अद्भूत क्षमता र व्यवहार कुशलता भएका अन्तराष्ट्रिय स्तरको राजनेताका रूपमा सुपरिचित हुनुभयो।

विसं २०३३ पुस १६ गते राष्ट्रिय मेलमिलाप तथा एकताको सन्देश बोकेर उहाँ, गणेशमान सिंह, शैलजा आचार्यलगायत नेपाली कांग्रेसको एउटा ठूलै समूह आठ वर्ष लामो निर्वासित जीवन त्यागेर पटनाबाट काठमाडौं आउनु भयो। त्यसबेला उहाँ र गणेशमाजी माथि आठवटा संगीन आरोपसहितका मुद्धा लगाइएको थियो। एउटै मुद्धामा हार्दा पनि उहाँहरूको ज्यान जान सक्दथ्यो । मुलुकभरि पञ्चहरूबाट उहाँहरूलाई फाँसीको सजायको माग राख्दै बक्तत्व प्रकाशित, विन्तीपत्र टक्र्याउने, प्रस्ताव पारित गर्नेजस्ता गतिविधि अनवरत भइरहे । त्यसकारण कांग्रेसका नेताहरूलाई मार्नु पञ्चायती शासकको चरित्र नै थियो।

पञ्चायती शासनको मुख्याती प्रजातन्त्रको शिविरमा यस कारणले पनि थियो कि त्यसबेला नेपाली कांग्रेसका लोकप्रिय, होनहार तथा प्रभावशाली नेताहरूलाई छानीछानी मार्ने षडयन्त्र बारम्बार भइरह् यो । यसमा योगेन्द्रमान शेरचन, सरोज कोइराला। दिवानसिंह राई, तेजबहादुर अमात्य आदि पर्नुभयो । सिक्किमबाट नेपाल आई झापामा वसोवास गर्दै रहेका एउटा युवालाई तत्कालीन अञ्चलाधीशले रिभोल्भर दिएर निर्वासनमा रहनुभएका बीपीको हत्या गर्न वनारस पठाएको थियो। तर त्यो षडयन्त्रको पर्दाफास भएपछि भारतीय रिक्षाकमीलै पक्राउन गरेको उक्त युवालाई वीपीले नै क्षमता दिएर रिहा गरिदिन आग्रह गर्नुभयो र उक्त युवा रिहा भयो। पछि त्यो युवा पत्रकारितातिर लागेको थियो।

विसं २०३६ मा जनमत संग्रहको सिलसिलामा स्याङ्जा पुग्नुभएका बीपीलाई मार्ने असफल प्रयास भएको थियो । उहाँलाई हानिएको गोली स्याङ्जाकै कांग्रेस कार्यकर्ता तारापति कोइरालाले छेकेर बीपीलाई बचाउनुभयो । बिपीलाई हानिएको गोली तारापतिजीको घुँडामा लागेको थियो । हत्याको प्रयास र फँसीको मागका बीच वीपीले आफूमाथि लागेका सबै मुद्धालाई डटेर सामना गर्नुभयो । यस क्रममा उहाँले अदालतमा दिनुभएको सात घण्टा लामो बयान आज पनि विद्वत समुदायमा चासो र खोजीको विषय भइरहेको छ । त्यसलाई अदालती वयानको अनुभव उदाहरण मानिन्छ । उहाँको स्वदेश आगमनले मुलुकमा यति ठूलो उत्साह र प्रभाव सञ्चार गऱ्यो कि निर्विकल्प, माटो सुहाउँदो आदि विशेष दिइएको पञ्चायतलाई साढे दुई वर्षभित्रैमा बहुदलको पक्षबाट जनअदालत (जनमत संग्रह) को कठघरामा यभ्याउनुभयो ।राजनीतिमा बिपी कोइरालाका रूपमा संक्षिप्त नामले चिनिनुहुने उहाँ साहित्यमा पूरा नाम विश्वेश्वरप्रसाद कोइरालाबाट लोकप्रिय हुनुहुन्थ्यो । आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी भन्नुहुने बिपी मनोवैज्ञानिक साहित्य लेखनमा विश्वस्तरीय रचनाकार हुनुहुन्थ्यो। उहाँले उपन्यास, कथा, निबन्धका करिब एक दर्जन कृति लेख्नुभएको छ। साथै, आत्मवृत्तान्त, जेल जर्नल, फुटकर लेख रचनाहरूको संगालो आदि पुस्तकहरू पनि प्रकाशित भएका छन् । नेपाली भाषा साहित्यमामा उहाँले मनोवैज्ञानिक कथाहरूको नयाँ प्रयोग गर्नु भएको थियो। राजनीतिक आग्रह वा त्यसका छायाँ र प्रभाव उहाँले साहित्यमा प्रवेश गराउनु भएन।

उहाँको जन्म भारतको बनारसमा १९७१ भदौ २४ गते भएको थियो थियो । न्वारानको नाम चूडामणि भएपनि विश्वनाथ मन्दिरको तीर्थस्थलमा जन्म भएको हुनाले उहाँको नाम विश्वेश्वरप्रसाद राखियो। एउटै पिताका तीन छोराहरू मातृकाप्रसाद, विश्वश्वरप्रसाद र गिरिजाप्रसाद प्रधानमन्त्री भएको विशेष उदाहरण उहाँको परिवारमा बन्यो । घाँटीमा आएको क्यान्सरका कारण उहाँको आवाज आउन छाडेको थियो। उहाँ सासले मात्र बोल्नुहुन्थ्यो। आफ्नो मृत्यु टाढा छैन भन्ने यकिन भएपछि उहाँले भाइ गिरिजाबाबुलाई एकदिन भन्नुभएछ, “अब म उपचार गरेर बाँच्ने होइन। म स्वदेशमै मर्न चाहन्छु। यहाँबाट( बैंकक) मलाई नेपाल लगिहाल।”

उहाँकै आग्रहमा २०३९ साउन ६ गते भेन्टिलेटरमा अक्सिजनसहित बेहोस अवस्थामा साँझ ६ बजे काठमाडौं ल्याइपुऱ्यायो तर त्यसको एक घण्टा पनि नबित्दै उहाँको निधन भयो। भोलिपल्ट साउन ७ गते उहाँको अन्त्यष्टि विशाल जन समुदायको उपस्थितिमा भएको थियो । प्रजातन्त्रको पुर्नस्थापना भएपछि उहाँका नाममा धरानमा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुरमा क्यान्सर अस्पताल, काठमाडौंका आँखा अस्पताल, बनेपा-सिन्धुली-बर्दिवास राजमार्गको नामकरण गरिएको छ । भारतको पटनामा उहाँको पूर्णकदको शालिक र एउटा सडकको नाम बिपीमार्ग राखिएको छ। आज हामीबीच उहाँ हुनुहुन्न तर उहाँले देखाउनु भएको राजनीतिक दर्शन र सिद्धान्त नयाँ पुस्ताका लागि मार्गदर्शन बनेको छ। (लेखक नेपाली कांग्रेसका नेता हुनुहुन्छ) रासस

# कांग्रेस प्रत्यक्ष प्रसारणको उद्देश्य ?



कुलचन्द्र वाग्ले

मुलुकको जेठो र यतिबेला संसद्को समेत ठूलो दल नेपाली कांग्रेस केन्द्रीय समिति बैठकको रस्साकस्सीमा छ । झन्डै वर्ष दिन गुजारेर, कार्यकर्ताको लामो प्रतीक्षा एवं दुनियाँको खिसिट्युरीमा परेपछि बल्ल प्रमुख दलको कार्यसमितिको बैठक बसेको छ । यसो हुन हुन्थ्यो कि हुन्थेन वा केन्द्रीय समितिको बैठक बस्दै नबसी एक बर्ष गुजार्न सुहायो कि सुहाएन ? नेपाली कांग्रेसमा आबद्धहरूले बुझ्ने कुरा हो। बाँकी विश्वले तदर्थवादी शैलीमा कांग्रेसको गतिप्रति अनौठो मान्नु यस्तो बेला स्वाभाविकै हो।

यो बैठक पनि बाध्यताको सिलसिला हो कि, नेतृत्वको इच्छाशक्तिको परिणाम ? प्रस्ट छैन। लाजमर्दो अवस्था बोध भने सबैलाई भएको हुनुपर्छ। किनभने लामो समय केन्द्रीय समितिको बैठक नबस्नु र कार्यकर्तादेखि, शुभेच्छुक र कांग्रेसको अवस्थाप्रति चासो राख्ने सबैले बैठक नहुनुमा व्यक्त गरेको आश्चर्यलाई थेग्न गाह्रो भएको परिणाम मानियो भने बैठक पनि बाध्यताकै प्रतिफल मानिनेछ। पार्टीभित्रै बैठकको माग पनि चर्कैसँग आइरह्यो। बल्ल बेला भएछ!

यसबीच तीनै तहको निर्वाचनसमेत नेपाली राजनीतिमा महत्त्वपूर्ण गतिविधि भए। नेपाली कांग्रेस यसबीच प्रायः पदाधिकारी, पूर्वपदाधिकारी वा कार्यसम्पादन समितिको बैठकबाट निर्णय लिँदै यहाँसम्म आयो।

त्यसो त कांग्रेस बैठक 'देर आया दुरुस्त आया' भनेजस्तै हुने संकेत छ । यसका केही कारण छन् । पहिलो कारण त प्रविधि प्रयोग अर्थात् सञ्चार माध्यम (फेस बुक)बाट बैठकको प्रत्यक्ष प्रसारण। दोस्रो कार्यसूचीको प्रस्तुति, सदस्यहरूबीच गहिरो वा स्वतन्त्र अभिव्यक्ति र छलफल वा हल्का प्रस्तुति । आज तीन दिनदेखि बैठक यही प्रक्रियामा जारी छ। लामो समय र यसबीच धेरै राजनीतिक गतिविधि खासगरी चुनाव, दलहरूबीचको बन्दै, फेरिँदै भएका गठजोड र सरकारको मिलीजुली बनोट देशको राजनीतिक अभ्यासमा देखियो।

देशै हल्लाउने र अन्तर्राष्ट्रिय छविमा समेत धक्का पुग्ने आर्थिक घोटाला (भ्रष्टाचार) को फेहरिस्त पनि यसैबीच सार्वजनिक भए । छानबिनको दायरामा ल्याइएका त्यस्ता घटनाले सार्वजनिक जानकारीमा रहेका अन्य यस्तै भ्रष्ट कृत्यको पनि कुनै दिन पर्दाफास हुने आशा बलियो भएको छ । यी यस्ता विषय हुन् जसले कांग्रेसको धारणा मागी रहेका छन् । चुनावी परिणामको समीक्षा, दलीय गठबन्धको सैद्धान्तिक पक्ष र उपयोगिता वा यो कतिबेला, कुन अवस्थामा, कोसँग गर्ने भन्ने सबालमा कांग्रेसको धारणा अपेक्षित छ।

त्यस्तै पार्टीको लथालिङ्ग आन्तरिक संरचना र संगठनात्मक गतिविधिप्रति खासगरी कार्यकर्ताले यसै बैठकबाट परिणाम वा निर्णायक निर्देश आउनुपर्ने अपेक्षा गरेका छन् । अर्थात्, भाइ संगठनहरूको गठन वा पूर्णता र परिचालन, सैद्धान्तिक र वैचारिक मान्यता उजिल्याउने र सुशासनसमेत विकास चिन्तनलाई अगाडि बढाउने प्रकारको प्रतिफल आउनुपर्ने बाहिरी प्रतीक्षा छ। बैठक सकिँदा कांग्रेसले के कस्तो सन्देश दिने हो त्यो त त्यतिबेलै थाहा होला । आशा गरौं -हात्ती आयो.. फुस्सा भनेजस्तो पक्कै हुने छैन । नेपाली कांग्रेसले देशको खाँचो, सार्वजनिक अपेक्षा र अन्तर्राष्ट्रिय चासोप्रति जानकार हुनेसमेत दायित्वबोध गरेकै हुनुपर्छ । यही पृष्ठभूमिमा भएको ठूलो दलको बैठकको निर्णयले देशको राजनीतिमा गहिरो प्रभाव राख्ने नै छ। बैठक दूरगामी परिणामको सन्देश दिन सफल बन्ने अपेक्षा कार्यकर्तामा पाइन्छ।



पहिलोपटक प्रत्यक्ष प्रसारणसहित भएको बैठकले नयाँ चासो उत्पन्न गरेको छ। राजनीतिक वृत्तमा किन प्रत्यक्ष प्रसारण ? भन्ने जिज्ञासामा विभिन्न तर्क गरिएका छन् । हल्काफुल्का टिप्पणी पनि भएका छन्। आफ्नो घनघोर विरोध हुने भयले सभापति शेरबहादुर देउवाले प्रत्यक्ष प्रसारणको राजनीतिक फन्डा गरेको धारणा पनि व्यक्त भएका छन्। बैठक सञ्चालनमा कांग्रेस प्रविधि मैत्री भयो वा प्रविधि प्रयोगमा पनि अग्रणी देखियो भन्ने मान्य तर्क पनि आएका छन्। बैठकमा एकथोक र बाहिर अर्कै वा आक्रामक धारणा व्यक्त गरेर क्रान्तिकारी बन्ने प्रवृत्ति नियन्त्रण गर्न पनि सार्वजनिक प्रसारण प्रविधि प्रयोग गरिएको तर्कसमेत आएका छन्।

यस्ता सबै टिप्पणीको आआफ्नै अर्थ होलान् । तीमाथि थप भनाइ उचित छैन । तर लामो प्रतीक्षापछि जारी प्रत्यक्ष प्रसारित बैठक केन्द्रीय (मनोनीत समेत) सदस्यहरूको औपचारिक परिचय बैठकजस्तै भयो । तिनले आआफ्नो अनुहार, हाउभाउ र ताउरमाउर सार्वजनिक माध्यममा प्रत्यक्ष प्रसारण गर्ने अवसर पाए, चिनाए। कसले 'नुनको सोझो' गर्यो र को वैचारिक, नैतिक र संस्थागत सोचको धरातलमा प्रस्तुत भए ? आदि जानकारीसँग प्रत्यक्ष साक्षात्कार हुन र मूल्यांकन गर्न नेपाली नागरिकले पाए। केन्द्रीय सदस्यका लायक कति र नेताका कृपापात्र कति भन्ने ? जानकारी पनि कार्यकर्ताले पाए। तिनको क्षमता र हैसियत सार्वजनिक भयो।

राष्ट्रिय जनमोर्चाका पाका नेता र चित्रबहादुर केसीले दलहरूको कार्यसमिति सदस्यको असीमित संख्या देखेर टिप्पणी गरेका थिए -'भेडी गोठ' । कांग्रेसको यही स्वरूप पनि प्रत्यक्ष सार्वजनिक भएको छ । योग्य, अयोग्य, इमान, लगाव र योगदान पनि हेरीहेरी ती बैठकमा उपस्थितको प्रविधि माध्यमले समीक्षा पनि हुनसक्ने अवसर भयो। सबैभन्दा ठूलो कुरा त सभापति देउवाले पार्टी रूपान्तरणको आग्रहलाई केही नबोली सार्वजनिक गरिदिएका छन्। प्रविधिको प्रयोग र प्रसारणबाट आफ्ना केन्द्रीय सदस्यहरूको हैसियत र खुबी सार्वजनिक गरिदिएका छन्।

आफू कस्ता, कस्ताको सभापति हो ? भन्ने रहस्य पनि सबैका अघिल्तिर खुलाइदिएका छन् । सभापति देउवाको अनुहारमा लामो समयदेखि गायब हाँसो बैठकमा यसपटक (एकपटक देखेको) खित्कै छोडेर मुक्त रहस्य हाँसेको रूपमा फर्केको दृश्यसमेत बाहिरियो । यसो गरिनु रूपान्तरणको सन्देश होइन ? प्रविधिमा रूपान्तरण। प्रक्रियामा रूपान्तरण। अभिव्यक्तिमा रूपान्तरण । हाउभाउ र ताउरमाउर वा विचार अभिव्यक्तिमा रूपान्तरित हुन बाध्य पार्ने प्रविधि प्रसारण प्रयोग अग्रगामी र रूपान्तरणको सन्देश रचित प्रक्रिया नै हो।

प्रविधि प्रसारण कति प्रभावी र निरन्तर हुन्छ वा पार्टी जीवनको लागि कति सार्थक परिणामदायी होला ? हेर्नै छ । जे होस् नयाँ प्रक्रिया सुरु भयो । अरूले सिको गर्नसक्छन्। प्रसारण प्रक्रियाले पार्टी संगठन र कार्यकर्तालाई कति उत्साहित र सक्रिय पार्छ ? यो पनि हेर्नै छ। सार्वजनिक प्रसारणबाट आफ्ना अगाडिको बहुमुखी चुनौती सामना गर्ने हैसियत वा इच्छाशक्ति कांग्रेसले कति पाउँ छ ? सभापतिले पार्टीभित्र गुट वा तेरोमेरो प्रवृत्ति मुखर बनाएको आरोप हट्छ कि हट्दैन ? गुटको खुबी वैचारिक वा नीतिगत हुने कि व्यक्ति नेताको छत्रछाया मान्ने ? वैचारिक समूह बन्ने कि गुटको स्वार्थी ताबेदार बन्ने ? आदि जिज्ञासाको उत्तर त आगामी दिनमै मिल्नसक्ला। त्यो पनि हेर्नै छ।

# वर्तमान सरकार बिपीको नीतिबाट प्रेरित : उपप्रधानमन्त्री खड्का



काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले वर्तमान सरकार बिपी कोइरालाको नीतिबाट प्रेरित भइ देश र जनताको पक्षमा काम गरिरहेको बताउनुभएको छ।

बिपी स्मृति दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आज बिपी सङ्ग्रहालय सुन्दरीजलमा आयोजित समारोहमा उपप्रधानमन्त्री खड्काले संविधानमा सुनिश्चित गरिएका नागरिकका सबै अधिकार र सामाजिक न्यायका काम बिपी कोइरालाको सिद्धान्त अनुरुप भएको दाबी गर्नुभयो।

बिपी कोइरालाले नागरिकलाई अधिकार सम्पन्न बनाउन समय समयमा कठोर निर्णय लिने गरेको स्मरण गर्दै उहाँले आफूहरुले पनि महत्वपूर्ण राजनीतिक निर्णय गर्दा बिपी कोइरालालाई सम्झने गरेको बताउनुभयो।

बिपी कोइरालाको सिद्धान्त अनुरुपनै अहिलेको संविधानले नागरिकका धेरै अधिकार सुरक्षित गरेको उहाँको दाबी छ। अब सरकार र राजनीतिक शक्तिले जनतामा थप विश्वास जगाउने गरी काम गर्न सके बिपी कोइरालाप्रति सच्चा सम्मान हुने उपप्रधानमन्त्री खड्काले धारणा राख्नुभयो।

सो अवसरमा उपप्रधानमन्त्री खड्काले सुन्दरीजल स्थिति बिपी सङ्ग्रहालयमा नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलगायतका नेताहरुको सालिकमा माल्यार्पण गर्नु साथै सङ्ग्रहालय परिसरमा वृक्षारोपण समेत गर्नुभयो।

सो अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले नेपाली माटोमा आधारित राजनीतिक दर्शन स्थापित गर्न बिपी कोइरालाको सोच सान्दर्भिक रहेको बताउनुभयो। त्यसका लागि बिपीले गरिब किसानका तस्बिर योजना आयोगमा राख्ने प्रणालीको विकास गराउनुभएको समेत उहाँले स्मरण गर्नुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले राष्ट्रियताका विषयमा बिपीसँग माओवादीको पनि बिचार मिल्ने धारणा राख्नुभयो। सङ्ग्रहालयमा विपीको जीवनकालमा प्रयोग भएका चिजविज सङ्ग्रह गरिनुपर्ने उहाँको भनाइ छ। रासस

# सातवटै प्रदेशका दुई–दुई जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाइनेछ : मन्त्री शर्मा

वीरगन्ज । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सातवटै प्रदेशका दुई जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाउने बताउनुभएको छ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नेपाल टेलिकम प्रादेशिक निर्देशनालय, मधेस प्रदेशद्वारा बाराको सिमरामा शनिवार आयोजित नेपाल टेलिकमको सेवा प्रवाह र सुधारसम्बन्धी अन्तर्क्रियामा मन्त्री शर्माले चालु आर्थिक वर्षभित्र सबै प्रदेशका दुई-दुई जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाउने निर्णय भइसकेको र यो प्रभावकारी कार्यान्वयन गर्ने प्रक्रियामा रहेको बताउनुभयो।

पूर्वाधार निर्माणका क्रममा सरकारी निकायबीच समन्वय नहुँदा समस्या आउने गरेको उल्लेख गर्नुहुँदै सरकारका प्रवक्तासमेत रहनुभएका उहाँले सडक, खानेपानी, विद्युत्, दूरसञ्चारका पूर्वाधार निर्माणमा समन्वयमा ध्यान दिन आग्रह गर्नुभयो।

जङ्गल तथा निकुञ्ज क्षेत्रमा टेलिफोन अप्टिकल विस्तार र टावर निर्माणमा समस्या भएको गुनासो आएको उल्लेख गर्नुहुँदै मन्त्री शर्माले यस विषयमा वन मन्त्रालयसँग समन्वय गर्ने काम भइरहेको जानकारी दिनुभयो।

जहाँ बढी समस्या छ, त्यहाँ बढी सेवा दिनुपर्ने मान्यताअनुसार समस्या पहिचान गरी समाधानको खोजी गर्न मधेस प्रदेशबाट दूरसञ्चारको समस्या समाधानका लागि सुझाव सङ्कलनको अभियान सुरु गरिएको जानकारी दिनुहुँदै उहाँले मधेस प्रदेशमा नेपाल टेलिकमको सेवाग्राही विस्तारका लागि प्रभावकारी अभियान चलाउनुपर्नेमा जोड दिनुभयो।




शिक्षालाई प्रविधियुक्त बनाउन देशभरिका सबै विद्यालयमा इन्टरनेट पुर्‍याउने तयारी गरिएको बताउनुहुँदै मन्त्री शर्माले धेरै विद्यालयमा इन्टरनेट सुविधा पुगिसकेको र बाँकी विद्यालयमा एक वर्षभित्र इन्टरनेट सेवा पुर्‍याउने बताउनुभयो।

पूर्वपश्चिम र उत्तर दक्षिण राजमार्गलाई पूर्ण दूरसञ्चारयुक्त बनाउने आफ्नो पहिलो निर्णय गरेको जानकारी दिनुहुँदै मन्त्री शर्माले यो निर्णय कार्यान्वयनका लागि प्रतिबद्ध रहेको बताउनुभयो। सूचना प्रविधिको पहुँच नपुगेको ठाउँमा पुहँच पुर्‍याउने र सर्वसुलभ ढङ्गबाट सञ्चार सेवा उपलब्ध गराउने सरकारको प्राथमिकता रहेको चर्चा गर्नुहुँदै मन्त्री शर्माले सूचना र सञ्चारको तीव्र विकास भएको अवस्थामा पनि हिमाल र पहाड भेगमा अझै सञ्चार सेवा पुग्न नसकेकाले त्यहाँसम्म कसरी सेवा पुर्‍याउने भन्ने ठोस योजना बनाउन टेलिकमलाई निर्देशनसमेत दिनुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव एवं नेपाल टेलिकमका अध्यक्ष बाबुराम भण्डारीको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य किसन श्रेष्ठले सुरक्षाको दृष्टिकोणले संवेदनशील रहेको राजमार्ग क्षेत्रमा देखिएको नेपाल टेलिकमको नेटवर्कको समस्या तत्काल समाधान गर्नुपर्ने बताउनुभयो।

सो कार्यक्रममा पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य ज्वालाकुमारी साह, प्रतिनिधिसभा सदस्य प्रभु हजार पासवान, निर्मला देवकोटा, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, बाराका प्रमुख जिल्ला अधिकारी नवराज पराजुलीलगायतले सरकारी स्वामित्वको नेपाल टेलिकमले जनतालाई सर्वसुलभ र गुणस्तरीय सेवा प्रदान गर्न ठोस योजना बनाएर अघि बढ्नुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा बारा, पर्सा, रौटहट र सर्लाही जिल्लाबाट निर्वाचित प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र पालिका प्रमुख तथा प्रतिनिधिहरूले आफ्नो क्षेत्रमा भएको टेलिकमको सेवा सुविधाको अवस्था र सुधार गर्नुपर्ने विषयमा धारणा राख्नुभयो।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनीले भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्न चालु आर्थिक वर्ष २०८०/८१ मा मर्मतसम्भार कार्यलाई विशेष सेवाका रूपमा विकास गर्न आवश्यक रणनीति तथा कार्यक्रम तयार गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने बताउनुभयो।

उहाँले मधेश प्रदेशका कुल पाँच सय ५० भन्दा बढी स्थानबाट कम्पनीले जिएसएम प्रविधिको सेवा उपलब्ध गराइरहेको र विभिन्न स्थानबाट एफटिटीएच वितरण गरिरहेको जानकारी दिनुभयो। नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय मधेस प्रदेशका निर्देशक अमुल प्रधानले कम्पनीले सो प्रदेशमा उपलब्ध गराइरहेको सेवाबारेमा जानकारी गराउनुहुँदै सेवा प्रयोग बढाउनका लागि सहकार्य गर्न आग्रह गर्नुभयो।

सो अवसरमा कम्पनीले उपलब्ध गराइरहेका विभिन्न सेवाका बारेमा उपप्रबन्धक नवल चौधरी, कम्पनीका सेवाहरू विदेशमा समेत प्रयोग गर्न सकिने रोमिङ सेवाका बारेमा उपप्रबन्धक समिरबहादुर श्रेष्ठ र मधेस प्रदेशमा नेपाल टेलिकमको सेवाको अवस्था विषयमा उपप्रबन्धक निरञ्जन घिमिरेले प्रस्तुतिकरण गर्नुभएको थियो। रासस

# प्रधानमन्त्री प्रचण्ड इटाली प्रस्थान

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घ, खाद्य तथा कृषि सङ्गठनको ‘फुड सिस्टम समिट प्लस टु’मा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ आज इटाली प्रस्थान गर्नुभएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा प्रधानमन्त्री प्रचण्डलाई उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, मन्त्रीगण, नेपाल सरकारका विशिष्ट अधिकारी, सुरक्षा निकायका प्रमुखलगायतले बिदाइ गर्नुभयो।

यस्तै नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङ, उपाध्यक्षहरू अग्नि सापकोटा र पम्फा भुसाल, अन्य नेता तथा कार्यकर्तालगायतले उहाँलाई भ्रमण सफलताको कामना गर्दै बिदाइ गर्नुभयो। त्यसअघि प्रधानमन्त्री प्रचण्डलाई नेपाली सेनाको एक टुकडीले सम्मान गारत प्रदान गरेको थियो।

प्रधानमन्त्री प्रचण्ड नेतृत्वको भ्रमण दलमा उहाँको स्वकीय सचिव एवं छोरी गङ्गा दाहाल, कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउत, सुरक्षाकर्मी एवं सञ्चारकर्मी सहभागी हुनुहुन्छ।



संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको मुख्यालय इटालीको रोममा आयोजना हुने ‘युनाइटेड नेसन्स फुड सिस्टम-२०२३ स्टकिङ मोमेन्ट’मा प्रधानमन्त्री प्रचण्डले विशेष सम्बोधन गर्नुहुने कार्यक्रम छ। सो कार्यक्रम यही साउन ८ देखि १० गतेसम्म आयोजना हुँदै छ।

प्रधानमन्त्री दाहालले यही साउन ८ गते सो कार्यक्रमको उद्घाटनसत्रमा सहभागी हुनुहुनेछ। यस्तै अतिकम विकसित मुलुकको अध्यक्षको हैसियतमा उहाँले विशेष सम्बोधन गर्नुहुने कार्यक्रम तय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सोही दिन नै प्रधानमन्त्री दाहाल विद्यालय भोजनको बारेमा आयोजना गरिएको छलफल सत्रमा सहभागी हुनुहुनेछ। यसैगरी उहाँ साउन ९ गते खाद्य प्रणाली परिवर्तन र अभ्यासका सन्दर्भमा आयोजना हुने छलफलसमेतमा सहभागी हुनुहुने छ।

भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घका उच्च अधिकारीसँग साइडलाइनमा भेटवार्ता गर्नुहुने कार्यक्रम तय भएको छ। खाद्य तथा कृषि सङ्गठनका महानिर्देशक, विश्व खाद्य कार्यक्रमका कार्यकारी निर्देशक, कृषि विकासका लागि अन्तरािष्ट्रय कोषका अध्यक्षलगायतका संयुक्त राष्ट्रसङ्घीय अधिकारीसँग प्रधानमन्त्री दाहालले भेटवार्ता गर्नुहुने कार्यक्रम तय भएको छ।

नेपालको खाद्य सुरक्षाका अलावा, नेपालले भोगिरहेको चुनौती एवं अन्तर्राष्ट्रिय सहयोगका बारेमा त्यस अवसरमा महत्त्वपूर्ण छलफल हुने कार्यक्रम छ। यस्तै रोममा गैरआवासीय नेपाली सङ्घले आयोजना गर्ने अन्तर्क्रियामा प्रधानमन्त्री प्रचण्ड सहभागी हुनुहुनेछ। भ्रमण पूरा गरी प्रधानमन्त्री यही साउन १२ गते स्वदेश फर्कने कार्यक्रम छ। रासस

## कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री खड्कालाई

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खडकाले सम्हाल्ने गरी तोक्नुभएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा राष्ट्रपति पौडेलले नेपालको संविधान बमोजिम उपप्रधानमन्त्री एवं रक्षामन्त्री खड्कालाई दैनिक प्रशासनिक कार्य सम्हाल्ने गरी तोक्नुभएको राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठनको मुख्यालय इटालीको रोममा आयोजना हुने ‘युनाइटेड नेशन्स फुड सिस्टमस्-२०२३ स्टक टेकिङ मोमेन्ट’ मा भाग लिन शनिवार त्यसतर्फ प्रस्थान गर्नुभएको छ। रासस

# गठबन्धन तोड्न खोज्ने षड्यन्त्रप्रति सचेत रहनुस् : अध्यक्ष नेपाल

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले घुमिफिरी वर्गशत्रु भनेको कांग्रेस हो भन्ने पारेर अहिलेको गठबन्धनलाई तोड्न खोज्ने अनेक षड्यन्त्रप्रति सचेत रहन नेता तथा कार्यकर्तालाई सुझाव दिनुभएको छ।

समाजवाद अध्ययन केन्द्र नेपालद्वारा शनिवार यहाँ आयोजित समाजवाद बहस र सङ्घर्ष विषयक कार्यक्रममा उहाँले व्यवहार र सिद्धान्त सोचेजस्तो नभएकाले मुलुकको आवश्यकता, धरातल र यथार्थ बुझेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, “कतिपय कम्युनिष्ट पार्टी प्रतिगामीसँग हातेमालो गरिरहेका छन्। दलभित्रका कमी-कमजोरी र सीमालाई बुझेर सङ्गठन विस्तार र शक्ति वृद्धिमा ध्यान दिन आवश्यक छ।”

पूँजीवाद अस्तित्वको सङ्कटमा पुगेको र मुलुक समाजवाद हुँदै साम्यवादमा प्रवेश गर्ने निश्चित रहेको बताउँदै अध्यक्ष नेपालले उग्रवामपन्थ र दक्षिणपन्थको भासमा डुबेका कम्युनिस्टलाई ठीक मार्गमा हिँडाउने एउटै उपाय भनेको वैज्ञानिक समाजवाद भएको धारणा राख्नुभयो।

विश्वमा कम्युनिस्ट पार्टी धरमराइरहेको अवस्थामा नेपालमा भने लोकप्रिय दलका रूपमा उदाएको प्रसङ्ग उल्लेख गर्दै उहाँले व्यक्तिवादी प्रवृत्ति र विकृतिलाई समयमै चिरफार गर्न सकिएन भने अनेक चुनौतीको




सामना गर्नुपर्ने चेतावनी दिनुभयो।

पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, “समाजवाद जनताका हित र कल्याण गर्ने व्यवस्था हो, राजनीतिलाई जनतादेखि जनतासम्मको धारमा मोड्नुपर्छ, हामी जनताका पीडा र वेदनासँग जोडिनुपर्छ, नेपालमा कम्युनिष्ट पार्टीको भविष्य उज्यालो छ।”

नेकपा (माओवादी केन्द्र)का नेतृ पम्फा भुसालले नेपालमा कम्युनिस्ट पार्टी हराभरा र ठीक मार्गबाट अघि बढिरहेको बताउनुभयो। उहाँले मुलुकको अभिभारा र माग रहेकाले एउटै बलियो कम्युनिस्ट पार्टी बनाएर समाजवाद हासिल गर्ने लक्ष्यमा अघि बढ्नुपर्ने आजको आवश्यकता भएको स्पष्ट गर्नुभयो।

नेतृ भुसालले भन्नुभयो, “समाजवाद अहिले रक्षात्मकरूपमा रहेको छ, सबै दलको कार्यदिशा समाजवाद नै बनेर अघि बढिरहेको छ। एउटै बलियो कम्युनिस्ट पार्टी नभई समाजवाद हासिल गर्न सकिन्न।”

नेकपा एकीकृतकै केन्द्रीय सदस्य अशेष घिमिरेले कम्युनिस्ट पार्टी सरकारमा रहँदा मजदुर प्रताडित रहनुपर्ने तथा कृषकका उत्पादन सडकमा फालिनुपर्ने अवस्थाले मुलुक समाजवादतर्फ उन्मुख भएको हो र भन्ने प्रश्न सिर्जना गरेको भनाइ राख्नुभयो।

खुला विश्वविद्यालयका डिन डा खगेन्द्र प्रसाईंले नेताको भाषण र वक्तव्यबाट नभई जनताको हित र कल्याणसँग जोडिएका स-साना सुधारलाई क्रान्तिको भर्याङ बनाउन सकिने विचार प्रकट गर्नुभयो।

आयोजक संस्था समाजवाद अध्ययन केन्द्रका अध्यक्ष अर्जुन राईले विचार र सिद्धान्तको बहसले समाजवादको जगलाई बलियो तुल्याउने भएकाले आदर्श, विचार र सिद्धान्तका आधारमा गन्तव्यको पहिचान गरी उद्देश्य प्राप्तिका लागि अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको बताउनुभयो। रासस

# बिपीको विचार र चिन्तनको जगमा कांग्रेसलाई अगाडि बढाउँछौं : महामन्त्री शर्मा

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले विश्वेश्वरप्रसाद कोइरालाको विचार र चिन्तनको जगमा कांग्रेसलाई अगाडि बढाउने बताउनुभएको छ।

बिपी कोइरालाको ४१औं स्मृति दिवसका अवसरमा ‘प्रजातान्त्रिक विचार समाज’ले शनिवार यहाँ आयोजना गरेको ‘शनिवारका सन्दर्भमा बिपीका विचार’ विषयक विचार गोष्ठीमा उहाँले बिपीको विचार र चिन्तनलाई समावेश गरेर कांग्रेस केन्द्रीय समिति अगाडि बढ्ने बताउनुभयो। “लोकतान्त्रिक प्रतिनिधिका रूपमा हामीले बिपीलाई चिन्नुपर्छ, बिपी दुरदर्शी र परिपक्क नेता हुनुहुन्थ्यो, बिपी कोइरालाको विचारलाई कांग्रेसले छाडेको छैन”, महामन्त्री शर्माले भन्नुभयो।

नेपालको कम्युनिष्ट आन्दोलनले बिपीलाई समयमा चिन्न नसकेको उहाँले गुनासो गर्नुभयो। “बिपीलाई कम्युनिष्ट आन्दोलनले चिन्न नसक्दा झापा आन्दोलन र माओवादी आन्दोलन भयो, उक्त आन्दोलनका कारण देशले ठूलो क्षति व्यहोर्नुपर्‍यो”, महामन्त्री शर्माले भन्नुभयो।

मुलुकभर तीन सय २९ स्थानीय तहको नेतृत्व गरेको कांग्रेसले चार प्रदेश सरकारको समेत नेतृत्व गरेकाले अब राम्रो काम गरेर आगामी निर्वाचनमा पहिलो पार्टी बन्ने वातावरण बनाउन जुट्नुपर्ने उहाँको भनाइ थियो। “हामीले २०८४ सालको निर्वाचनको चिन्ता गर्ने होइन, अहिलेको चिन्ता गर्ने हो, राम्रो काम गर्ने हो, सङ्गठनलाई बलियो बनाउने हो”, महामन्त्री शर्माले भन्नुभयो।

प्रजातान्त्रिक विचार समाजका अध्यक्ष एवं वरिष्ठ पत्रकार कुलचन्द्र वाग्लेले प्रजातन्त्र बलियो भएमात्र देश बलियो हुने भएकाले प्रजातन्त्र बलियो बनाउन कांग्रेस लाग्नुपर्ने बताउनुभयो। रासस

# बिपीको साहित्यलाई गाउँगाउँसम्म पुर्‍याउनुपर्छ : अर्थमन्त्री डा महत

काठमाण्डु । नेपाली कांग्रेसका प्रवक्ता एवं अर्थमन्त्री डा प्रकाशशरण महतले जननायक विश्वेश्वरप्रसाद कोइरालाको साहित्यलाई गाउँगाउँसम्म पुर्‍याउनुपर्ने बताउनुभएको छ। बिपी कोइरालाको ४१औं स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस क्षेत्र नं ५ ले आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले पार्टीले बिपी कोइरालाको साहित्य क्षेत्रलाई छपाएर गाउँगाउँसम्म पुर्‍याउनुपर्ने उल्लेख गर्नुभयो।

“थोरै साक्षरतादर भएको समयमा बिपी कोइरालाले साहित्य सिर्जना गर्नुभएको थियो, त्यसलाई छपाएर गाउँगाउँमा लैजान सके युवा पुस्ताले बिपीको साहित्यबाट प्रेरणा लिन सक्थे”, उहाँले भन्नुभयो। अर्थमन्त्री डा महतले पार्टीभित्र एक अर्काप्रति गालीगलौजको संस्कार विकशित भएको उल्लेख गर्दै उक्त संस्कारले पार्टी अगाडि बढ्न नसक्ने धारणा राख्नुभयो।

पार्टी प्रवक्ता डा महतले कांग्रेसले गरेका राम्रा कामलाई आमजनतासम्म पुर्‍याउन नसकेको बताउनुभयो। “प्रजातान्त्रिक समाजवादको लक्ष्य लिएर अगाडि बढ्नुभएका बिपी लोकतान्त्रिक मूल्यमान्यताका आधारमा समतामूलक समाज निर्माण हुने कल्पनाका साथ अगाडि बढ्नुभएको थियो”, उहाँले भन्नुभयो।

> “आर्थिक दृष्टिकोणविना राजनीति अगाडि बढ्न सक्दैन भन्ने बिपीको विचार थियो, बिपी कोइरालाको सरकारलाई अपदस्थ नगरेको भए नेपालको धेरै आर्थिक उन्नति गर्थ्यो”

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले बिपी कोइराला प्रधानमन्त्री भएर १७ महिनामा गरेका काम आजसम्म कुनै पनि सरकारले गर्न नसकेको बताउनुभयो। “आर्थिक दृष्टिकोणविना राजनीति अगाडि बढ्न सक्दैन भन्ने बिपीको विचार थियो, बिपी कोइरालाको सरकारलाई अपदस्थ नगरेको भए नेपालको धेरै आर्थिक उन्नति गर्थ्यो”, उहाँले भन्नुभयो।

बिपी प्रधानमन्त्री भएका बेलामा छ हजार विद्यालय र विश्वविद्यालय स्थापना गर्ने लक्ष्य लिनुभएको नेता पौडेलको भनाइ थियो। कांग्रेसले बनाउने नीति, योजना र कार्यक्रमलाई बिपी कोइरालासँग जोड्न सके मात्र उहाँप्रति सच्चा श्रद्धाञ्जली उहाँले बताउनुभयो। बिपी आफ्नो लक्ष्यमा प्रष्ट भएको उहाँको भनाइ थियो। अठतीस राजद्रोहको मुद्दा हुँदाहुँदै नेपाल फर्कनुभएका बिपी कोइराला देशको सच्चा नेता भएको नेता पौडेलले बताउनुभयो।

नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ५ का क्षेत्रीय सभापति श्याम खड्का र टोखा नगरपालिका वडा नं ६ की अध्यक्ष शान्ता खनाल पौडेलले राष्ट्रियता, प्रजातन्त्र र समाजवादका प्रवर्द्धक बिपी राष्ट्रवादी राजनेता भएको बताउनुभयो।रासस

# कीर्तिमान तोड्दै पारा र तातोपानी समुन्द्र

## पृथ्वी वैज्ञानिकहरूको चेतावनीसँग संघर्ष गरिरहेको छ, बेवास्ता गरिएको अवस्थ

**बीबीसी**

युरोप । वैज्ञानिकहरूले तापक्रममा कीर्तिमानी वृद्धि, समुद्रको सतहको तापक्रम र अन्टार्कटिक समुद्री बरफ एकपछि अर्को गरी पग्लिने चेतावनी दिएका छन्। वैज्ञानिकहरूले यस्ता घटनाहरूको आवृत्ति र आवृत्ति "अभूतपूर्व" भएको बताएका छन्। संयुक्त राष्ट्रसंघले युरोपभरि तीव्र गर्मीको लहरलाई 'सबैभन्दा घातक प्राकृतिक प्रकोप' भनेको छ जसले थप रेकर्ड तोड्न सक्छ।



गत वर्षको विनाशकारी बाढीबाट भएको विनाशबाट पाकिस्तान अझै पूर्ण रूपमा मुक्त हुन सकेको छैन र यस वर्ष फेरि एकपटक भारी मनसुनी वर्षाको सामना गरिरहेको छ । गत वर्षको बाढीले पाकिस्तानमा १,५०० भन्दा बढी मानिसको ज्यान लिएको थियो भने हजारौं हेक्टर खेतीयोग्य जमिन पानीमा डुबेको थियो। योसँगै लाहोरमा यस वर्ष अहिलेसम्म दुई दर्जन व्यक्तिको मृत्यु भइसकेको छ।

भारतको ठूलो हिस्सा यस वर्ष अत्यधिक वर्षाको चपेटामा परेको छ। देशको ४० प्रतिशत भूभाग अत्यधिक वर्षा र बाढीको चपेटामा परेको बेला देशको ठूलो भूभाग अझै पनि वर्षाको लागि आतुर छ । राजधानी दिल्लीलगायत धेरै क्षेत्रमा यस वर्षको मनसुन वर्षाले विगत दशकको सबै रेकर्ड तोडेको छ । जलवायु परिवर्तन सम्बन्धी शहर प्रशासनको मस्यौदा कार्य योजना अनुसार दिल्लीले जलवायु परिवर्तनका कारण २०५० सम्ममा २.७५ लाख करोड रुपैयाँ नोक्सान भोग्न सक्नेछ।

यस प्रतिवेदनका अनुसार आगामी वर्षहरूमा शहरले तातो हावा, उच्च तापक्रम र हावामा आर्द्रता कम हुने जस्ता चुनौतिहरूको सामना गर्न सक्नेछ। यो प्रतिवेदनका लागि सरकारको स्वीकृति आउन बाँकी छ।

**जलवायु परिवर्तन को कारण**

विज्ञहरूका अनुसार मौसम र समुद्रमा हुने यस्ता घटनालाई जलवायु परिवर्तनसँग सीधै जोडेर हेर्न गाह्रो छ किनभने यी सबै कुरा निकै जटिल छन् । यस सम्बन्धमा धेरै अध्ययनहरू भइरहेका छन्, तर वैज्ञानिकहरूले भनेका छन् कि उनीहरूलाई डर छ कि संसारको अगाडि धेरै डरलाग्दो दृश्यहरू आउँदैछन्। लन्डन स्कूल अफ इकोनोमिक्सका वातावरणीय भूगोलविद् डा थोमस स्मिथ भन्छन्ः "मलाई अन्य कुनै अवधि थाहा छैन जब जलवायु प्रणालीका सबै भागहरूले रेकर्ड स्तरमा कुनै न कुनै प्रकारको प्रकोपको सामना गरिरहेका थिएनन्।"

र इम्पेरियल कलेज लन्डनमा जलवायु विज्ञान पढाउने डा पाओलो सेप्पी भन्छन्, जीवाश्म इन्धन र एल निनो (२०१८ देखि जलवायु परिवर्तनको प्राकृतिक प्रक्रिया)का कारण हुने ग्लोबल वार्मिङका कारण पृथ्वी अब "कुनै अज्ञात क्षेत्रमा प्रवेश गरेको" देखिन्छ। यस ग्रीष्ममा अहिलेसम्म चार मौसमको रेकर्ड तोडिएको छ - जुलाई सबैभन्दा तातो दिन थियो, जुन विश्वव्यापी रूपमा सबैभन्दा तातो महिना थियो, महासागरहरूमा चरम गर्मीको लहर र अन्टार्कटिक समुद्री बरफमा रेकर्ड कमी थियो। तर हाम्रो लागि मौसममा यी परिवर्तनहरूका संकेतहरू के हुन्, तिनीहरूले पृथ्वी र मानव भविष्यलाई कुन हदसम्म असर गर्न सक्छन् ?

**रेकर्ड तोड्ने गर्मी**

यसपटक विश्वभर जुलाई महिनामा अहिलेसम्मकै सबैभन्दा तातो दिन रेकर्ड गरिएको छ । यसले सन् २०१६ मा बनाइएको विश्वव्यापी औसत तापक्रमको कीर्तिमान पनि तोडेको छ । युरोपेली संघको जलवायु अनुगमन निकाय कोपर्निकसका अनुसार यस वर्षको जुलाई ६ मा विश्वको औसत तापक्रम १७.०८ डिग्री सेल्सियस पुगेको छ । ग्लोबल वार्मिङका कारणहरू तेल, कोइला र ग्याँस जस्ता जीवाश्म इन्धनहरू जलाउने उत्सर्जन समावेश छन्।

इम्पेरियल कलेज लन्डनका जलवायु वैज्ञानिक डा. फ्रेडरिक ओट्टो भन्छन् कि हरितगृह ग्यासका कारण पृथ्वीको तापक्रममा यस प्रकारको पूर्वानुमान पहिले नै गरिएको थियो। डा. फ्रेडरिक भन्छन्, "यस प्रवृत्तिको बृद्धिमा शतप्रतिशत मानिसको हात छ।" डा. थोमस स्मिथ भन्छन्, "मलाई कुनै कुरामा अचम्म लाग्ने हो भने जुन महिनामै कीर्तिमान तोडिएको देखिरहेका छौं। अहिले एक वर्ष पनि पूरा भएको छैन। सामान्यतया विश्वव्यापी रूपमा एल-निनो प्रक्रिया सुरु भएको पाँच-छ महिनासम्म पनि यसको प्रभाव देखिँदैन।"

एल-निनो विश्वको सबैभन्दा शक्तिशाली प्राकृतिक रूपमा हुने जलवायु परिवर्तनको प्रक्रिया हो। उष्णकटिबंधीय प्यासिफिकमा, यो प्रक्रियाले समुद्रको सतहमा पानी तताउँछ, जसले गर्दा न्यानो हावा वायुमण्डलमा सर्छ। सामान्यतया, यो प्रक्रियाले विश्वव्यापी स्तरमा वायुमण्डलको तापक्रम बढाउँछ।

यस वर्षको जुन महिनामा विश्वको औसत तापक्रम पूर्वऔद्योगिक युगको जुन महिनाको तापक्रमको तुलनामा १.४७ डिग्री सेल्सियस बढी थियो । ज्ञडण्ण को आसपास औद्योगीकरण सुरु भयो, त्यसपछि मानिसहरूले लगातार ठूलो मात्रामा हरितगृह ग्यासहरू वायुमण्डलमा छोड्दै आएका छन्।

**२०२३ को गर्मीमा के भयो एक दशक पहिले भविष्यवाणी गरिएको थियो?**

यस प्रश्नको जवाफमा, डा. स्मिथ भन्छन् कि जलवायु पूर्वानुमान गर्न प्रयोग गरिएका मोडेलहरू दीर्घकालीन प्रवृत्तिहरू अनुमान गर्न प्रभावकारी छन् तर ज्ञण वर्षमा हुने परिवर्तनहरू सही रूपमा अनुमान गर्न सक्दैनन्।

उनी भन्छन्, "सन् १९९० को मोडेलअनुसार हामी आज जुन अवस्थामा छौं, त्यसमा धेरै छौं तर आगामी १० वर्षमा अवस्था कस्तो हुन्छ भन्ने सही मूल्याङ्कन गर्न निकै गाह्रो छ।" उनी भन्छन्, 'बढ्दो तापक्रम घट्दै जान्छ जस्तो लाग्दैन ।

**समुद्री तापक्रम**

मे, जुन र जुलाई महिनाको औसत विश्वव्यापी महासागरको तापक्रमले सबै रेकर्ड तोडेको छ । सन् २०१६ मा समुन्द्रको सतहमा सबैभन्दा बढी तापक्रम रेकर्ड भएको थियो, त्यसपछि यो वर्ष तापक्रम रेकर्ड स्तरमा पुग्न लागेको छ । तर उत्तरी एट्लान्टिक सागरमा अत्यधिक गर्मीका कारण समुद्रको बढ्दो तापक्रम वैज्ञानिकहरूका लागि विशेष चिन्ताको विषय बनेको छ ।

"हामीले एट्लान्टिकको यस भागमा पहिले कहिल्यै तातो लहरहरू देखेका छैनौं। मैले यो आशा गरेको थिइनँ," ब्रिस्टल विश्वविद्यालयका पृथ्वी विज्ञानका प्राध्यापक डानिएला स्मिड भन्छिन्। जुन महिनामा, आयरल्याण्डको पश्चिमी तटमा तापक्रम औसतभन्दा ४ देखि ५ डिग्री सेल्सियससम्म पुग्यो। नेशनल ओशिनिक एन्ड एटमोस्फेरिक एडमिनिस्ट्रेशनले यसलाई श्रेणी छ गर्मीको लहर भनिन्छ, जसको अर्थ "अत्यन्त उच्च" गर्मीको लहर हो।

प्रोफेसर ड्यानिएला स्मिट भन्छिन् कि तापक्रम बढ्दै गएको यो घटनालाई जलवायु परिवर्तनसँग जोड्नु जटिल छ, तर तपाईले यो भइरहेको छ भन्न सक्नुहुन्छ। पृथ्वीको तापक्रम बढ्दै गएको र वायुमण्डलको न्यानो हावा महासागरले सोस्दै आएको स्पष्ट भएको उनको भनाइ छ । "हाम्रो जलवायु परिवर्तनका मोडेलहरूमा प्राकृतिक परिवर्तनशीलता छ, र घटनाहरू देखा पर्दैछन् जुन पहिले भविष्यवाणी गरिएको थिएन, कम्तिमा अहिले छैन," उनी भन्छिन्।

विश्वको ५० प्रतिशत अक्सिजन समुद्रबाट मात्रै पाइन्छ । समुद्री पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनको प्रभावबारे उनी भन्छिन्, "जब हामी गर्मीको लहरको बारेमा कुरा गर्छौं, मानिसहरू प्रायः रूखहरू सुकाउने र पहेंलो घाँसको बारेमा सोच्छन्।" "एट्लान्टिक महासागरको तापक्रम हुनुपर्दछ भन्दा ५ डिग्री सेल्सियस बढी न्यानो हुन्छ। यसको मतलब जीवहरूलाई अब सामान्य रूपमा आफ्नो काम गर्न ५० प्रतिशत बढी खाना चाहिन्छ।"

**अन्टार्कटिकामा जमेको बरफमा रेकर्ड कमी**

जुलाई महिनामा अन्टार्कटिक सागरमा रहेको हिमपातमा कीर्तिमानी कमी आएको छ। ज्ञढडज्ञ देखि द्ण्ज्ञण सम्मको औसतको तुलनामा, अन्टार्कटिकबाट बेलायतको आकारको ज्ञण गुणा क्षेत्र अहिलेसम्म पग्लिएको छ। वैज्ञानिकहरूका अनुसार यो चेतावनीको घण्टी हो र उनीहरूले जलवायु परिवर्तनसँग यसको वास्तविक सम्बन्धको बारेमा जानकारी सङ्कलन गर्ने प्रयास गरिरहेका छन्।

ब्रिटिस अन्टार्कटिक सर्भेकी डाक्टर क्यारोलिन होम्सले ग्लोबल वार्मिङका कारण अन्टार्कटिक सागरको बरफ पग्लन सक्ने तर अहिलेको अवस्था हेर्दा यो क्षेत्रको मौसममा आएको परिवर्तनका कारण पनि हुनसक्ने वा समुन्द्री छालका कारण पनि हुन सक्ने बताउनुहुन्छ । यो कीर्तिमान तोड्ने मात्रै नभएर लामो समयदेखि यो कीर्तिमान तोडिएको उनको भनाइ छ । उनी भन्छिन्, "यो जुलाईअघि हामीले नदेखेको कुरा हो। यसअघि हिउँमा कमी आएको थियो, तर यो त्योभन्दा १० प्रतिशतले पनि कम हो, जुन आफैंमा ठूलो कुरा हो। यो परिवर्तन कति छिटो भइरहेको छ भन्ने कुरा हामीले बुझ्न नसकेको संकेत हो।"

अन्टार्कटिकमा जमेको बरफमा ग्लोबल वार्मिङले ठूलो प्रभाव पार्ने वैज्ञानिकहरूले विश्वास गरे। तर डा होम्स भन्छन् कि सन् २०१५ सम्ममा यसले अन्य महासागरहरूमा विश्वव्यापी प्रचलनलाई कम गरेको थियो। "तपाईं हामी पहाडको टुप्पोबाट खसेको भन्न सक्नुहुन्छ, तर हामीलाई अगाध खाडल साँच्चै कति गहिरो छ थाहा छैन," उनी भन्छिन्।

"मलाई लाग्छ कि जुन गतिमा यो भइरहेको छ त्यो हाम्रो लागि अचम्मको छ। यो कुनै पनि हिसाबले राम्रो केस परिदृश्य होइन तर हामी यसलाई हेरिरहेका छौं र हामी भन्न सक्छौं कि यो सबैभन्दा खराबको नजिक छ।" यस वर्षको आउँदो महिना र २०२४ को शुरुवातमा यस्ता घटना थप देख्न सक्ने वैज्ञानिकहरूले बताएका छन् । यद्यपि, डा. फ्रेडरिक ओटो भन्छन् कि के भइरहेको छ "जलवायु पतन" वा "अनियन्त्रित तापक्रम" भन्न सकिन्छ। "हामी नयाँ युगमा छौं, तर हामी अझै धेरैको लागि सुरक्षित भविष्य सुनिश्चित गर्न सक्छौं," उनी भन्छिन्।

# फुटबल मैदान छ, प्रतियोगिता छैन

पोखरा । कास्की जिल्ला फुटबल सङ्घ (एन्फा) कास्कीका पूर्वअध्यक्ष खेम गुरुङलाई पोखरा रङ्गशालास्थित फुटबल मैदान चिरीच्याट्ट बनेकामा निकै खुसी हुनुहुन्छ तर, भव्य रङ्गशालामा खेल गतिविधि कम हुँदा चिन्तित हुनुहुन्छ । उहाँपोखरा रङ्गशालामा तुलनात्मक रुपमा फुटबल गतिविधि कम भएको बताउनुहुन्छ ।

"पोखरा रङ्गशाला ठूला-ठूला प्रतियोगिता आयोजना गर्न सक्षम बनेको छ तर प्रतियोगिता साह्रै कम भयो", एन्फा कास्कीका पूर्वअध्यक्ष गुरुङ भन्नुहुन्छ, "कास्की एन्फा सुस्ताएको जस्तो देखियो ।" यतिको राम्रो मैदानमा फुटबलको मौसम ल्याउन सक्नुपर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "अहिले सहारा क्लब पोखराको आयोजनामा आहारारा गोल्डकप हुन्छ तर भव्य रङ्गशाला एन्फाबाट कुनै कार्यक्रम नभएकाले रङ्गशाला भए-नभएको कुनै फरक छैन ।"

आन्तरिक प्रतियोगिता गर्दै अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि पहल गरिनुपर्ने पूर्वअध्यक्ष गुरुङको भनाइ छ । गण्डकी प्रदेशकै उत्कृष्ट रङ्गशाला कास्कीमा भएकाले कास्की एन्फा चलायमान हुनुपर्ने गुरुङले बताउनुभयो । एन्फा कास्कीको पोखरा गोल्डकप नभएको धेरै वर्ष भइसक्यो । यसको निरन्तरतामा पनि एन्फा कास्कीले कुनै धारणा सार्वजनिक गर्न सकेको छैन ।

सवा अर्ब लागतमा निर्माण भएको पोखरा रङ्गशाला चिरीच्याट्ट छ । भित्री र बाहिरी संरचना हेर्दा युरोपियन देशको भन्दा कम छैनन् । उत्तरतिरका हिमालले यसको सुन्दरता झनै बढाएको छ । यो मैदानमा खेलेर आनन्द लिने धेरैको रहर र सपना हुन्छ । यद्यपि यति बजोडको रङ्गशालामा नगन्य प्रतियोगिताले धेरैको सपना पूरा हुन सकेको छैन । यहाँमा गत आव २०७९/८० मा आठ वटा मात्र प्रतियोगिता भए ।

कास्की जिल्ला फुटबल सङ्घ (एन्फा) कास्की अध्यक्ष उज्ज्वल रञ्जितका यस वर्ष आठ मात्र प्रतियोगिता भएका छन् । नवौं राष्ट्रिय खेलकुदअन्तर्गतको पुरुष फुटबल प्रतियोगितासँगै आहारारा गोल्डकपलाई यहाँ भएको ठूलो प्रतियोगिताका रुपमा लिन सकिन्छ । यसबाहेक स्पेनिस फुटबल क्लब काथेरेन्यो सिपी र गण्डकी प्रदेशबीचको मैत्रीपूर्ण खेललाई अन्तर्राष्ट्रिय प्रतियोगिताका रुपमा हेरिएको छ । योसँगै सङ्गम क्लबको आयोजनामा क्लबस्तरीय फुटबल प्रतियोगिता, प्याब्सन र एनप्याब्सनको खेल, गण्डकी विश्वविद्यालयको जियु कप र पोखरा महानगरको वडाकप प्रतियोगिता यहाँ भए ।

> ***"पोखरा रङ्गशाला ठूला-ठूला प्रतियोगिता आयोजना गर्न सक्षम बनेको छ तर प्रतियोगिता साह्रै कम भयो", एन्फा कास्कीका पूर्वअध्यक्ष गुरुङ भन्नुहुन्छ, "कास्की एन्फा सुस्ताएको जस्तो देखियो ।" यतिको राम्रो मैदानमा फुटबलको मौसम ल्याउन सक्नुपर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "अहिले सहारा क्लब पोखराको आयोजनामा आहारारा गोल्डकप हुन्छ तर भव्य रङ्गशाला एन्फाबाट कुनै कार्यक्रम नभएकाले रङ्गशाला भए-नभएको कुनै फरक छैन ।"***

एन्फा कास्की अध्यक्ष उज्ज्वल रञ्जित भने आफूहरूलाई जिम्मेवारी नदिँदा व्यवस्थापनमा समस्या परेको बताउँछन् । पश्चिमाञ्चल खेलकुद परिषद् व्यवस्थापनको काम हेरिरहेकामा एन्फा कास्कीलाई केही जिम्मेवारी हुनुपर्ने अध्यक्ष रञ्जित भनाइ थियो । "यसलाई कास्की जिल्ला फुटसङ्घ मातहतमा राख्न सक्नुभयो भने मर्मतदेखि अरु कुरा हाम्रो संरक्षणमा राख्न सक्छौं भनी पश्चिमाञ्चल क्षेत्रीय खेलकुदमा कुरा राख्दा आफ्नो मातहतमै आएको छैन भन्नुभयो", अध्यक्ष रञ्जितले भन्नुभयो, "निर्माण कम्पनीसँग बुझ्दा हामीले दिइसक्यौं हामीले अब केही मर्मत गर्दैनौं भन्छ ।"

एन्फा कास्कीले रङ्गशालामा बनेको फुटबल मैदानमा केही काम गरेको अध्यक्ष रञ्जितले बताउनुभयो । "सङ्घले पोखरा रङ्गशालाको वैकल्पीक फुटबल मैदानको तारवार लगाउने काम पनि सम्पन्न गरेको छ", अध्यक्ष रञ्जितले भन्नुभयो, "प्रतियोगिताको कुरा गर्दा जिल्ला सङ्घले अखिल नेपाल फुटबल सङ्घ केन्द्रीय कार्यालयको वार्षिक तालिकाअनुसार कार्य गर्ने जानकारी गराउँदछौं ।" एन्फा कास्कीले नियमित ग्रासरुट फुटबल ट्रेनिङ सेन्टर सञ्चालित गरी ९० जनाभन्दा बढीलाई प्रशिक्षण दिइरहेको अध्यक्ष रञ्जितले जानकारी दिनुभयो । रङ्गशाला संरक्षणको लागि जिम्मेवारी लिन राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय गरिरहेको उहाँले बताउनुभयो ।रङ्गशालाहस्तान्तरणराष्ट्रियखेलकुद परिषद्लाई भइसकेकाले आफूहरू मातहत आएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति कार्यालय प्रमुख लक्ष्मण योगीले जानकारी दिनुभयो । "केन्द्रमा राखेपमा हस्तान्तरण भइसकेको छ । केन्द्रमा भएपछि हामीलाई पनि भयो भनौं न", कार्यालय प्रमुख लक्ष्मण योगीले भन्नुभयो । खेलकुदका केही ठूला योजना केन्द्र आफैंले हेर्ने गरेकाले पोखरा रङ्गशाला पनि सोही समूहमा पर्ने भएकाले एन्फा कास्कीलाई दिने अहिलेसम्म सल्लाह नभएको प्रमुख योगीले स्पष्ट पार्नुभयो ।

विसं २०७५ पुस १३ मा निर्माण सम्झौता भई १६ फागुनमा शिलान्यास पोखरा रङ्गशाला चार वर्षमा निर्माण पूरा भएको हो । राष्ट्रिय खेलकुद परिषद्ले एक अर्ब २८ करोडमा निर्माण सम्झौता गरेकोमा निर्माण पूरा हुँदासम्म छ पटकसम्म म्याद थप गरिएको थियो ।

सोह्र हजार पाँच सय सिट क्षमताको रङ्गशालाको पूर्वीभागमा पाँच हजार दुई सय ६८, पश्चिममा तीन हजार आठ सय १४, उत्तरमा तीन हजार चार सय ४४ र दक्षिणमा तीन हजार छ सय ९० सिट जडान गरिएको छ ।

त्यसैगरी अतिविशिष्ट कक्षमा २८, विशिष्ट कक्षमा दुई सय २८ तथा अशक्तका लागि २८ सिट जडान गरिएका छन् । फुटबल मैदान, खेलाडी चेञ्जिङ रुम, एथ्लेटिक्स ट्र्याक, तथा मिडिया सेन्टर, हल, शौचालय, प्यारापिटको पश्चिमको विशिष्ट कक्षमा छानोलगायत पूर्वाधार निर्माण भएका छन् । रासस

# 'आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजान नदेऊ'

**एएफपी**

संयुक्त राष्ट्रसङ्घ । युरोपेली सङ्घ र अन्य तीन देशसहित सात राष्ट्रको समूहले चीनलाई आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजाने अनुमति खारेज गर्न आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घका प्रतिबन्धहरूको अवहेलना गर्दै उत्तर कोरियामा इन्धन लैजाँदै गरेको देखिएकाले तेल बोकेका ट्याङ्करलाई आफ्नो जलक्षेत्रबाट हटाउन ती देशले चीनलाई आग्रह गरेका हुन् ।

क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संयुक्त राज्य अमेरिकाका राजदूतहरूले संयुक्त राष्ट्र संघका लागि चीनका राजदूत झाङ जुनलाई सम्बोधन गर्दै लेखेको पत्रमा चीनको जलक्षेत्रबाट इन्धन आपूर्ति भइरहेकाले त्यसलाई रोक्न आफ्नो सरकारसँग अनुरोध गर्न आग्रह गरिएको छ । युरोपेली सङ्घ, दक्षिण कोरिया, अष्ट्रेलिया र न्यूजिल्याण्डका राजदूतहरूले पनि पत्रमा हस्ताक्षर गरेका छन् । चिनियाँ राजदूतलाई पत्र पठाइएको भएपनि त्यसको पुष्टि नभएको स्रोतले जनाएको छ ।

पत्रमा चीनको जलक्षेत्रमा ट्याङ्करहरूको उपस्थिति र आवागमनलाई उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धको पालनाको अनुगमन गर्ने राष्ट्रसङ्घको विज्ञ समूहले अवलोकन गरेको उल्लेख गरिएको छ । सन् २००६ देखि संयुक्त राष्ट्रसङ्घले क्षेप्यास्त्र प्रक्षेपण र आणविक कार्यक्रमलाई लिएर उत्तर कोरियामाथि प्रतिबन्ध लगाएको छ । २०१७ मा प्योङ्याङ उपर कच्चा तेल आयातलगायत थप प्रतिबन्ध लागेको छ ।

यसैबीच, अमेरिकाले चीन र रसियाको समर्थनमा उत्तर कोरियाले क्षेप्यास्त्र परीक्षण गर्ने उत्तेजनात्मक गतिविधिलाई निरन्तरता दिएको आरोप लगाएका छन् । चीन र रुसले प्योङ्याङमा नयाँ प्रतिबन्ध लगाउने प्रस्तावमाथि भिटो गरेर सुरक्षा परिषद्को एकता पनि खल्बल्याएका छन् ।

# दक्षिण युक्रेनमा रूसी युद्ध संवाददाताको मृत्यु

**एएफपी**

मस्को । युक्रेनको दक्षिणी जापोरिजझिया क्षेत्रमा शनिबार भएको आक्रमणमा रूसी युद्ध संवाददाता रोस्तिस्लाभ झुरावलेभको मृत्यु भएको छ । झुरावलेभले रूसको सरकारी समाचार संस्था आरआईए नोभोस्तीका लागि रिपोर्टिङ गर्दै आउनुभएको थियो।

आरआईए नोभोस्तीले आफ्ना युद्ध संवाददाताको मृत्यु भएको पुष्टि गरेको छ। झुरावलेभको युद्धमा रूसी अग्रपङ्क्तीमा रहेको गाउँ पाइतीखाट्की नजिकै मृत्यु भएको उल्लेख गरिएको छ।

रूसी सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "युक्रेनी सेनाले 'क्लस्टर' हतियार प्रयोग गरी गरेको आक्रमणका कारण चार जना पत्रकार घाइते भएका छन् ।विज्ञप्तिमा भनिएको छ, "उद्धारका क्रममा आरआईए नोभोस्तीका पत्रकार रोस्तिस्लाभ झुरावलेभको क्लस्टर युद्धसामग्री विस्फोटका कारण भएको चोटका कारण मृत्यु भएको थियो ।" अन्य संवाददाताहरूलाई सामान्य चोट लागेको सेनाले बताएको छ ।

युक्रेनमा मस्कोको १७ महिनाभन्दा लामो आक्रमणका क्रममा रूसी युद्ध संवाददाताहरूको प्रभाव निकै बढेको छ ।

# चिकित्सकको सल्लाहबिना एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेकको बिक्री गर्न दिल्ली सरकारद्वारा प्रतिबन्ध

**सिन्ह्वा**

नयाँ दिल्ली । डेङ्गुको प्रकोप बढेपछि दिल्ली सरकारले एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेक औषधिहरूको बिक्रीमा प्रतिबन्ध लगाएको छ ।

सरकारले एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेकजस्ता केही औषधिको बिक्रीमा चिकित्सकको सल्लाहबिना प्रतिबन्ध लगाएको छ र ती औषधिले मानिसको रगतमा प्लेटलेट्स नष्ट गर्ने र डेङ्गुको प्रकोपकाबीच हानिकारक हुन सक्ने बताएको छ ।

डेङ्गु रोकथामका लागि जारी परामर्शमा दिल्ली सरकारले जारी गरेको सुझाबमा भनिएको छ, "मनसुनको मौसममा डेङ्गु जस्ता लामखुट्टेबाट सर्ने रोगहरूको प्रकोप बढ्दै गएको छ । तसर्थ, डेङ्गुको सम्भावित प्रकोपको यस मौसममा एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेक जस्ता औषधिहरूको प्रयोग 'दर्ता भएका चिकित्सकहरूको प्रेस्क्रिप्सन' विना बिक्री गर्न प्रतिबन्ध लगाइएकोछ ।

सरकारले तत्काल लागु हुनेगरी यी औषधिहरूको 'ओभर-द-काउन्टर' बिक्रीमा संलग्न नहुन सल्लाह दिएको छ । दिल्ली सरकारले जारी गरेको सुझाबमा भनिएको छ, "यदि रिटेल विक्रेताले यो सल्लाहको उल्लङ्घन गरेको पाइएमा कडा कारबाही गरिनेछ ।"

भारतको राजधानी नयाँ दिल्लीमा यमुना नदीमा पानीको बहाव बढेसँगै विगत दुई हप्तादेखि विभिन्न क्षेत्रमा भीषण बाढी आएको छ । आइतबार दिल्लीका स्वास्थ्यमन्त्री सौरभ भारद्वाजको अध्यक्षतामा राजधानीमा सङ्क्रमणजन्य रोगनियन्त्रणका लागि समग्र तयारीबारे एक उच्चस्तरीय बैठक बसेको थियो ।

# पत्रकार तेजपाललाई दुई करोड क्षतिपूर्तिको आदेश

**एएनआई**

नयाँ दिल्ली । दिल्ली उच्च अदालतले तेहेल्काल डटकमका पत्रकार तरुण तेजपाल, अनिरुद्ध भेल, म्याथ्यु सामुएल तथा मेसर्स तेहेल्का डटकमलाई रु दुई करोड क्षतिपूर्ति गर्न आदेश दिएको छ ।

न्यायाधीश नीना वंशल कृष्णाको इजलाशले सेवा निवृत्त सैनिक अधिकृत एम एस अलुवालियालाई निजहरूबाट उक्त रकम क्षतिपूर्तिस्वरुप भराउने आदेश दिएको हो । सन् २००१ मा मेजर जनरल अलुवालियाले सैन्य सामग्री खरिदमा भ्रष्टाचार गरेको आरोप लगाउँदै तेहेल्काले डटकमले गोप्य कारबाही (स्टिङ अप्रेशन) गरेर खरिदसम्बन्धी विवरण सार्वजनिक गरेको थियो ।

तेहेल्काले सार्वजनिक गरेका भ्रमपूर्ण समाचार सामग्रीबाट आफ्नो मानहानी भएको जिकिर गर्दै जनरल आलुवालियाले उच्च अदालतमा मुद्दा दायर गरेका थिए । उनीमाथि प्रतिरक्षा सामग्री आयातमा ठूलो घोटाला गरिएको आरोप लगाइएको थियो ।

प्रतिरक्षा उपकरण उत्पादक बेलायती कम्पनीका नक्कली बजार प्रतिनिधि बनेर तेहेल्काका दुई जना पत्रकारले स्टिङ अप्रेशन गरेका थिए । उनले एक शिशी ब्ल्यू लेबल ह्विस्की र रु दश लाख घुस मागेको श्रव्य सामग्री तेहेल्काले प्रसारण गरेको थियो ।

उक्त सामग्री प्रसारण हुनेबित्तिकै भारतीय सेनाले उनीमाथि छानबिन थालेको थियो। छानबिनबाट प्रसारित श्रव्य सामग्री असत्य भएको प्रयोगशाला परीक्षणबाट पुष्टि भएको थियो ।

न्यायाधीश कृष्णाले भ्रामक समाचारबाट पीडितको चरित्र हत्या भएको सार्वजनिक मानप्रतिष्ठामा ठूलो आघात पुगेको, साक्षमा याचनाबाट त्यो आघात नमेटिने भएकाले उक्त रकम क्षतिपूर्ति भर्न आदेश दिएकी हुन् ।

# कुकर, बिरालोको मासु बिक्रीमा प्रतिबन्ध

**एएफपी**

जकार्ता । इण्डोनेशियाको सुलावेसी टापुको कुख्यात पशु बजारमा अब कुकुर- बिरालोको मासु बेच्न नपाइने भएको छ। मासुका निम्ति पाशविकरुपमा ती पशु मारिएका भन्दै पशुअधिकारवादीले त्यसको अन्त्यका लागि वर्षौंदेखि कुकुर-बिरालो बचाऊ अभियान थालेका थिए ।

चमेरा, मुसा, सर्प र बाँदरको मासुसँगै कुकुर र बिरालोको मासु पनि बिक्रीमा राखिने गरेको थियो तर हिजो शुक्रबारदेखि कुकर, बिरालोको मासु बेच्न नपाइने प्रतिबन्धात्मक आदेश जारी भएपछि त्यो रोकिएको छ ।

विगतमा निर्दयी बनेका पशुबजारका व्यापारी यसपटक भने कुकुर र बिरालाको मासु नबेच्न सहमत भएका पशुअधिकारकर्मी संस्था ह्युमेन सोसाइटी इन्टरनेश्नलले शुक्रबार जारी गरेको वक्तव्यमा जनाइएको छ । कुकुर-बिरालाको मासु बेच्न नपाइने सरकारी आदेशपछि मानव उपभोगका खातिर हजारौं पशुले चरम यातना खपेर अब मर्नुनपर्ने भएको उल्लेख गर्दै सोसाइटीले सरकारी निर्णयलाई ऐतिहासिक कदम भनेको छ । साथै उसले उक्त निर्णयको स्वागत गरेको छ ।

स्थानीय संस्कृतिका कारण कुकुर-बिरालाको मासु बेच्ने विश्वका अति थोरै मुलुकको सूचीमा इण्डोनेशिया रहेको छ । शुक्रबार पशुबजारका छ जना व्यापारी र तोमोहन नगरका प्रमुखबीच कुकुर-बिरालाको मासु नबेच्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । व्यापारीले अब उप्रान्त कुकुर-बिरालाको मासु नबेच्न प्रतिबद्धतासमेत जनाएका सोसाइटीले विज्ञप्तिमा उल्लेख गरेको छ । कुकुर-बिरालाको मासु बिक्रीमा रोक लगाउनुपर्ने अभियानको अगुवाइ गरेका सोसाइटीका निर्देशक लोला वेब्बर व्यापारी र नगरप्रमुखबीच भएको सम्झौताले हजारौं छाउराको ज्यान जोगिने तथा कुकुर-बिरालाको चोरी तस्करी पनि नियन्त्रण हुने बताए । उक्त टापुमा बर्सेनि एक लाख ३० हजार कुकर मासुका लागि मारिने गरेका थिए ।

पशुलाई नमरुञ्जेल कुट्ने, झुन्ड्याउने, जिउँदै आगोलगाउनेजस्ता क्रुर एवम् अमानवीय व्यवहारका कारण सुलावेसीको पशुबजार अति आलोचित छ । सन् २०२० मा चिनियाँ शहर वुहानबाट कोरोना भाइरस यस्तै मासुबजारबाट मानवमा सरेको भन्ने जानकारी बारम्बार गराएपछि मासु व्यापारी सहमत भएका बताइएको छ । यसबाट रेबिजको सङ्क्रमण रोक्न पनि मद्दत पुग्ने वास्तविकताबारे उनीहरूलाई अवगत गराइएको थियो ।

तोमोहनमा २५ वर्षदेखि कुकुर-बिरालाको मासु बेच्दै आएका एल्भिनस पोनोग उचित समयमा व्यापार बन्दको निर्णय भएको बताउँछन् । हजारौं कुकुर मारेका उनी तिनलाई मार्न जाँदा तिनका आखाँमा आफूले त्रास देखेको र त्यसबाट आफूलाई पनि नमज्जा लाग्ने गरेको बताएका छन् । बिक्रीमाथिको प्रतिबन्ध पशु र जनसाधारणको रक्षाका निम्ति अति उत्तम भएको बताएका छन् ।

# चामल निर्यातमा भारतको प्रतिबन्धले नेपाललाई कस्तो असर पर्छ?

**टुडे समाचारदाता**

काठमाण्डु । भारतले चामल निर्यातमारोकलगाएकोछाभारतको उपभोक्ता मामिला मन्त्रालयले आफ्नो देशमा चामलको सुनिश्चितता र घरेलु बजारमा मूल्य वृद्धि कम गर्न बासमतीबाहेकका अरू चामलमा रोक लगाएको भारतीय सञ्चारमाध्यम सिएनबिएनले उल्लेख गरेको छ।

गत वर्ष भदौ अन्तिमदेखि भारतले कनिका निर्यातमा पूर्ण प्रतिबन्ध लगाएको थियो। बासमती र उसिनाबाहेकका अरू चामल र धान निर्यातमा भने २० प्रतिशत कर लगाएको थियो। नेपाललाई भने वार्षिक ६ लाख मेट्रिक टन धानको कोटा निर्धारण गरी भन्सार छुट दिएको थियो।



भारत विश्वकै प्रमुख चामल निर्यातकर्ता हो। विश्वव्यापी चामल व्यापारमा भारतको हिस्सा ४० प्रतिशत रहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। चामल व्यापारमा ठूलो हिस्सा ओगटेको भारतले निर्यातमा रोक लगाउँदा उसको उब्जनीमा निर्भर देशहरूमा खाद्य असुरक्षा बढ्ने भारतीय विश्लेषकहरूले बताएका छन्।

नेपालमा पनि ठूलो परिमाणमा भारतीय चामल भित्रिने गरेको छ। हामीकहाँ धेरै भित्रिने भनेको जिरा मसिनो र मोटा चामल हो। बासमती, ब्राउन राइस र अरू प्रकारको पनि भित्रिन्छ तर यिनको हिस्सा कम छ।

त्यसैले भारतको यो कदमले हाम्रो चामल व्यापारमा प्रत्यक्ष असर पर्ने देखिएको कृषि तथा पशुपन्छी मन्त्रालयले बताएको छ। मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार हामीकहाँ भारतबाट आउने चामललाई मुख्य गरी चार प्रकारमा विभाजन गरिएको छ- मोटा, मध्यम, मसिनो र बास्नादार।

'अहिले आयातीत चामलमध्ये करिब आधा परिमाण मोटा र मध्यम चामलको छ भने बाँकी आधा मसिनो र बास्नादार छ। यो समग्रमा गैर-बासमती चामल हो,' सञ्जेलले भने, 'त्यसैले भारतले लगाएको रोकले हामीलाई असर पर्ने देखिन्छ।'

मन्त्रालयका अनुसार हामीकहाँ चामलका लागि वार्षिक ६६ लाख मेट्रिक टन धानको माग छ। त्यसमध्ये देशमै उत्पादन हुने ५६ लाख मेट्रिक टन हो। यो भनेको राम्रो उत्पादन भएका बेलाको औसत परिमाण हो। हाम्रो माग पूरा गर्न बाँकी १० लाख मेट्रिक टन धान भारतबाट आयात हुने गरेको छ। यो धानको ६० प्रतिशत बराबर चामल बन्छ। यस हिसाबले हाम्रो बजारमा करिब ४० लाख मेट्रिक टन चामलको माग छ। यसमध्ये करिब ६ लाख मेट्रिक टन चामलको माग हामीले भारतबाट ल्याएर पूरा गरिरहेका छौं। यो परिमाणमा धान भित्र्याएर बनाइएको चामल पनि पर्छ।

'हाम्रो आफ्नो उत्पादनबाहेकको परिमाण भारतबाटै ल्याइने भएकाले उसले रोक लगाउँदा हाम्रो आपूर्तिमा प्रभाव पर्ने देखिन्छ,' सञ्जेलले भने।

नेपाल चामल, तेल, दाल उत्पादक संघका द्वितीय उपाध्यक्ष नरेश राठी भने भारतको यो कदमले खासै असर नगर्ने बताउँछन्।

भारतले पोहोरै चामल निर्यातमा कर बढाएर धानमा कोटा निर्धारण गरिदिएको थियो। यही कारण चामलको आयात कम भइसकेको उनले बताए।

'भारतले निर्यातमा कर लगाएदेखि नै धेरै चामल आयात भएको छैन,' राठीले भने, 'धानमा कोटा भएकाले अहिले प्रायः उद्योगले धान नै ल्याएर चामल बनाएर बिक्री गरिरहेका छन्।'

भन्सार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० को जेठसम्म (पछिल्लो तथ्यांक) भारतबाट दुई लाख १७ हजार मेट्रिक टन (कनिका र ब्राउन राइसबाहेक) चामल आयात भएको छ। यसमा बासमती चामलको हिस्सा थोरै भएको व्यवसायीहरूले बताएका छन्। यो अवधिमा धान भने पाँच लाख मेट्रिक टन आयात भएको छ।

त्यस्तै आर्थिक वर्ष २०७८/७९ को यही अवधिमा कनिका र ब्राउन राइसबाहेकको चामल करिब चार लाख मेट्रिक टनभन्दा धेरै भित्रिएको थियो। धान भने पाँच लाख ४० हजार मेट्रिक टन आयात भएको थियो।

भारतको अघिल्लो नीतिका कारण आर्थिक वर्ष २०७९/८० मा धान र चामलको आयात घटेकाले रोक लगाउँदा पनि नेपाली बजारमा ठूलो असर नपर्ने राठीको भनाइ छ।

'धान ल्याउन पाएकाले त्यति समस्या पर्दैन,' उनले भने, 'अवस्था हेरेर थोरै मूल्य चाहिँ बढ्न सक्ला।'

संघका अध्यक्ष सुबोधकुमार गुप्ता पनि धान ल्याउन पाइराख्दा भारतको चामल निर्यात प्रतिबन्ध नीतिले यहाँ असर नपर्ने बताउँछन्। उनका अनुसार गत वर्ष दिएको कोटामध्ये सवा पाँच लाख मेट्रिक टन धान आइसकेको छ। बाँकी पनि भदौसम्म आइसक्ने छ।

आगामी दिनमा पनि हाम्रो चामल व्यापारमा केही असर नपर्न भारतले गत वर्षभैंं यसपालि पनि भन्सार छुटमा धान उपलब्ध गराउनुपर्नेछ। अहिलेको अवस्थामा पहिलेभन्दा धेरै परिमाणको धानमा छुट हुनुपर्छ। पहिलेको ६ लाख मेट्रिक टन बराबर मात्र छुट पाउँदा स्थानीय बजारको माग धान्न सक्दैन। यसले बजार मूल्यमा असर पर्नेछ।

'अहिलेकै अवस्थामा बजार माग धान्न यस वर्ष भारतले १५ लाख मेट्रिक टन धान भन्सार छुटमा दिनुपर्छ,' गुप्ताले भने, 'भारत सरकारबाट यो परिमाणको धान उपलब्ध गराउन हामी पहल गर्छौं। सरकारले पनि पहल गर्नुपर्छ। भन्सार छुटमा ल्याउन सकियो भने यहाँ चामलको मूल्य बढ्दैन।'

# कोशीका सवा दुई लाख पशुमा 'लम्पी स्किन' सङ्क्रमण, पाँच हजार मरे



झापा । महामारीको रुपमा फैलिएको 'लम्पी स्किन' रोगबाट कोशी प्रदेशका दुई लाख २५ हजार चार सय २३ गाईभैंसी सङ्क्रमित भएका छन् । राँगाभैंसीभन्दा गाईगोरुमा रोगको समस्या बढी छ ।

लम्पी स्किनबाट शुक्रबारसम्ममा पाँच हजार ४२ गाईभैंसी मरेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय विराटनगरले जनाएको छ । निर्देशनालयका फोकल पर्सन डा देवकुमार दर्लामीका अनुसार लम्पी स्किनको सङ्क्रमण कोशीका सबै जिल्लामा फैलिएको छ भने इलाम, झापा, मोरङ, पाँचथर, सुनसरी र उदयपुरमा सबैभन्दा बढी क्षति भएको छ ।

प्रदेशभर चार हजार ९७९ गाईगोरु र ६१ रागाभैंसी मरेका छन् । ती मध्ये सबैभन्दा बढी इलाममा एक हजार ३८२ गाईगोरु र राँगाभैंसी मरेको निर्देशनालयले जनाएको छ । झापामा पाँच सय चार, पाँचथरमा चार सय २२, मोरङमा चार सय ८८, उदयपुरमा तीन सय ८५, सुनसरीमा तीन सय ६२, खोटाङमा दुई सय ७९, धनकुटामा दुई सय ७७, सङ्खुवासभामा दुई सय ८५, ओखलढुङ्गामा दुई सय दुई, तेह्रथुममा एक सय ४४, ताप्लेजुङमा एक सय ७०, भोजपुरमा ८३ र सोलुखुम्बुमा ३५ गाईगोरु र राँगाभैंसी लम्पी स्किनको सङ्क्रमणबाट मरिसकेका छन् ।

मृत्युदर इलाममा धेरै भए तापनि प्रभावित पशु पाँचथरमा धेरै छन् । आजसम्मको तथ्याङ्कअनुसार पाँचथरमा ३३ हजार ८७ गाईगोरु र राँगाभैंसी लम्पी स्किनबाट सङ्क्रमित रहेको निर्देशनालयका फोकल पर्सन डा दर्लामीले जानकारी दिनुभयो ।

उहाँका अनुसार इलाममा ३१ हजार तीन सय ४९, धनकुटामा २१ हजार पाँच सय ६८, उदयपुरमा २१ हजार एक सय ८८, सुनसरीमा १७ हजार आठ सय ८६, तेह्रथुममा १५ हजार नौ सय ८६, मोरङमा १३ हजार आठ सय ९०, सङ्खुवासभामा १३ हजार चार सय ६०, खोटाङमा १२ हजार नौ सय १०, ओखलढुङ्गामा सात हजार छ सय ९४, ताप्लेजुङमा सात हजार छ सय २३, भोजपुरमा सात हजार एक सय ५२ र सोलुखुम्बुमा सात सय पाँच गाईगोरु र राँगाभैंसीमा लम्पी स्किमको सङ्क्रमण पुष्टि भइसकेको छ ।

लम्पी स्किनको सङ्क्रमण गाईगोरुको तुलनामा राँगाभैंसीमा न्यून सङ्ख्यामा देखिएको छ । कोशी प्रदेशमा सङ्क्रमित सङ्ख्यामध्ये गाईगोरु दुई लाख २३ हजार सात सय २६ छ भने राँगाभैंसीको सङ्ख्या एक हजार आठ सय १७ मात्र रहेको छ ।

**एक लाख बढीलाई खोप**

लम्पी स्किन रोगको सङ्क्रमण रोक्न कोशी प्रदेश सरकारले ११ जिल्लामा पशुमा खोप लगाउने अभियान सञ्चालन गरिरहेको छ । पशु स्वास्थ्य प्राविधिकले गोठमै पुगेर पशुमा खोप लगाइरहेको निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका निमित्त प्रमुख डा पशुपति ढुङ्गानाका अनुसार कोशी प्रदेशका सबै जिल्लाका एक लाख सात हजार पाँच सय १० पशुलाई लम्पी स्किनविरुद्धको खोप लगाइएको छ । सबैभन्दा बढी झापामा ३० हजार चार सय ५६ वटा पशुमा लम्पीविरुद्धको खोप लगाइएको छ । इलाममा २७ हजार ५४, पाँचथरमा १४ हजार तीन सय, ताप्लेजुङमा नौ हजार एक सय, मोरङमा पाँच हजार सात सय ८२, उदयपुरमा एक हजार छ सय ८६, खोटाङमा चार हजार एक सय ९२, ओखलढुङ्गामा चार हजार छ सय ७५, सोलुखुम्बुमा दुई हजार छ सय, धनकुटामा दुई हजार दुई सय र सुनसरीमा पाँच हजार चार सय ७५ पशुमा खोप लगाउने कार्य सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो । पहाडी जिल्ला धनकुटा, सङ्खुवासभा र भोजपुरमा लम्पीविरुद्धको खोप लगाउन बाँकी नै छ ।

**अझै नियन्त्रणमा आएन 'लम्पी स्किन'**

चितवन, ६ साउन (रासस) : जिल्लामा पशुचौपायमा देखिएको लम्पी स्किन रोग अझै नियन्त्रणमा आउन सकेको छैन । सङ्क्रमणदर केही कम भए पनि नियन्त्रणमा आउन नसकेको हो ।

पछिल्लो समय सात पालिकामा नौ हजार पाँच सय ४१ पशु चौपाय प्रभावित भएका छन् । ती मध्ये नौ हजार दुई सय पाँच गाई र तीन सय ३६ भैंसी छन् । जिल्लामा ९३ हजार एक सय ८२ गाई र ७२ हजार नौ सय ७८ भैंसी पालिएको तथ्याङ्क रहेको छ । तीमध्ये छ हजार पाँच सय ३९ गाई र दुई सय ६० भैंसीमा यो रोगको सङ्क्रमण देखिएको हो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भरतपुरका अनुसार हाल सम्म यस रोगका कारण दुई सय २९ वटा गाई मरेका छन् । सबैभन्दा धेरै इच्छाकामना गाउँपालिकामा गाई मरेका छन् भने कम कालिका र खैरहनी नगरपालिकामा मरेको कार्यालयका पशु विकास अधिकृत डा रामचन्द्र आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार इच्छाकामना गाउँपालिकामा ६५, भरतपुर महानगरपालिकामा ३५, राप्ती नगरपालिकामा ६२, रत्ननगर नगरपालिकामा ३५, कालिका नगरपालिकामा १०, खैरहनी नगरपालिकामा १० र माडी नगरपालिकामा १२ वटा गाई मरेका हुन ।

जिल्लाका तीन पालिकामा पालिएका १८ हजार ४० गाईभैंसीमा रोगविरुद्धको खोप दिइएको छ । भरतपुर महानगरपालिकामा तीन हजार सात सय ९०, रत्ननगर नगरपालिकामा आठ हजार दुई सय ५० र राप्ती नगरपालिकामा छ हजार गाईभैंसीमा खोप दिइएको उहाँले बताउनुभयो । विज्ञ केन्द्रबाट प्रभावित क्षेत्रका पाँच हजार गाईभैंसीलाई औषधि वितरण गरिएको छ । अन्य पालिकामा जैविक सुरक्षा अपनाउने र अन्य उपचारको काम भई रहेको कार्यालयले जनाएको छ ।

पछिल्ला दिनहरूमा खोप लगाउने पशुपालक किसानको सङ्ख्या बढ्दो क्रममा रहेको उहाँले जानकारी दिनुभयो । जिल्लामा पालिएका पशु चौपायामा ७० प्रतिशतलाई खोप लगाए पछि मात्रै नियन्त्रण उन्मुख आउने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेनै नियन्त्रण उन्मुख भन्न मिल्दैन", पहिलेको तुलनामा सङ्क्रमण दर कम भए पनि रोग देखिने क्रम नरोकिएको उहाँले बताउनुभयो ।

गर्मीयाममा लामखुट्टे, झिङ्गालगायतका कारण यो रोगको जोसखम देखिने गरेको उहाँले जानकारी दिनुभयो । गाईभैंसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, थुतुनो, ओठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, च्याल काढ्ने, लिम्फनोड सुक्नेजस्ता लक्षण देखापर्छ ।

यो रोग विशेष गरी सङ्क्रमित लामखुट्टे, झिङ्गालगायतको टोकाइबाट लाग्ने गर्दछ । सङ्क्रमित गाईबस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ । यो रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैंसी खरिद गर्ने, गोठलाई झिङ्गा, लामखुट्टे तथा अन्य कीराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने पशु विकास अधिकृत आचार्यले बताउनुभयो । रासस

# सोमबारदेखि नेपालभरीका टाटा शोरूमहरूमा 'मनसुन म्याजिक' सुरू

**टुडे समाचारदाता**

काठमाण्डु । अहिले नेपाली बजारमा इभी गाडीहरू प्रति ग्राहकहरूको चासो बढिरहेको छ।

प्रदूषणरहित वातावरणमैत्री, चलाउन सजिलो, न्यूनतम मर्मत खर्च, आरामदायी यात्रा गर्न सकिने भएकाले विगतका दिनमा इन्धनबाट चल्ने कारहरू विद्युतीय गाडीसँग साट्ने क्रम बढ्दो छ।

ग्राहकका यही अनुरोध र मागलाई ध्यानमा राखेर सोमबार (साउन ८ गते) देखि सिप्रदीको नेपालभरी रहेका टाटा मोटर्स शोरुमहरूमा मनसुन म्याजिक एक्सचेन्ज क्याम्प सुरू हुँदैछ।

आगामी सोमबारदेखि सुरू हुने गरी विशेष एक्सचेन्ज क्याम्प सञ्चालन हुने भएकाले ग्राहकहरूले लिंक मा गएर रजिष्ट्र गर्न सक्नेछन्।

यस्तै, शोरुममा गएर आफ्ना गाडीलाई टाटा मोटर्सका विद्युतीय गाडीहरूसँग साटेर फाइदा उठाउन सक्नेछन्।

एक्सचेन्ज क्याम्पमा जुनसुकै कम्पनी अथवा ब्राण्डको गाडी टाटा मोटर्सका नेक्सन इभी र टिगोर इभीसँग साट्न सकिने व्यवस्था गरिएको छ।

उक्त व्यवस्थालाई अझ सहज बनाउने उद्देश्यले शोरुम मा इन्स्योरेन्स सुविधा, बैंकिङ सुविधाका साथै गाडी मूल्यांकन गर्न विभिन्न दक्ष मुल्यांकनकर्ताहरूको पनि सहभागिता हुनेछ।

टाटा मोटर्सका ग्राहक तथा बजारको सुझाव तथा जिज्ञासालाई मध्यनजर गरेर उक्त एक्सचेन्ज क्याम्पमा पेट्रोल डिजेलबाट चल्ने सवारी साधनलाई बजारले अत्याधिक रुचाएको टाटा मोटर्सका विद्युतीय सवारीसँग साट्न मिल्ने गरी एउटै शोरुमबाट व्यवस्था गरिएको कम्पनीको भनाइ छ।

चलिरहेका बजारको मूल्यभन्दा गाडीको विशेष मूल्यांकन, सरल फाइनान्सको सुविधा, इन्स्योरेन्सको सुविधाका साथै हरेक गाडी हस्तान्तरणमा विभिन्न अफरहरू पनि पाइनेछ। यो कार्यक्रम सीमित अवधिका लागि मात्र लागू हुने कम्पनीको भनाइ छ।




**उक्त कार्यक्रमका विशेषताहरू:**

- जुनसुकै ब्राण्डको गाडी टाटा मोटर्सका सर्वाधिक रुचाइएका नेक्सन इभीसँग साट्न सकिने व्यवस्था
- एकै ठाउँबाट गाडीको मूल्यांकन
- न्यूनतम चार लाख रुपैयाँको गाडी मूल्यांकन
- एकै ठाउँमा इन्स्योरेन्सको सुविधा
- ८० प्रतिशतसम्म नयाँ गाडी फाइनान्सिङको सुविधा
- गाडी सम्बन्धी दक्ष प्राविधिकद्वारा परामर्श तथा सल्लाह सुझाव
- नयाँ गाडीको बुकिङ तथा मूल्यांकनसँगै आकर्षक उपहार
- निःशुल्क गाडीको थप एक्सेसोरिज

# चालीस मेगावाट अपर चमेलियाको परीक्षण सुरु

खलङ्गा । दार्चुला र बैतडीको सीमा भएर बग्ने चमेलिया नदीमा निर्माण भएको ४० मेगावाट क्षमताको अपर चमेलिया जलविद्युत् आयोजनाको परीक्षण सुरु गरिएको छ ।

कम्पनीका प्रबन्ध निर्देशक सञ्जीव न्यौपानेका अनुसार दार्चुलाको मार्मा गाउँपालिका-१, किमबगडमा बाँध बाँधेर छ किलोमिटर तल मार्मा गाउँपालिका-२, घट्टीगाडमा रहेको विद्युत्गृहमा पानी खसालेर शुक्रबार परीक्षण सुरु गरिएको हो ।

उहाँले भन्नुभयो, "आयोजनाको छ हजार एक सय मिटर लामो पेन्सटक पाइप लाइन, तीनवटै टरबाइन, जेनरेटर र अन्य उपकरणको परीक्षण सफल भएको छ । शुक्रबार विद्युत्गृहमा पानी खसालेर मेसिनको परीक्षण सुरु गरिएको हो ।"

शनिबारदेखि परीक्षणका रूपमा विद्युत् उत्पादन गरी बलाचस्थित सबस्टेसनबाट राष्ट्रिय प्रसारण लाइनमा जोडेपछि अबको करिब दुई सातापछि व्यावसायिक उत्पादन थाल्ने र आइतबार (भोलि) आयोजनाको उद्घाटन हुने प्रबन्ध निर्देशक न्यौपानेले जानकारी दिनुभयो । निर्माण कम्पनीका अनुसार रु आठ अर्ब लागतमा ३० महिनामै निर्माणकार्य सम्पन्न भएको हो । रासस

# एक सय ६० साना उद्योग बन्द

नेपालगञ्ज । बाँकेमा गत आर्थिक वर्ष २०७९/८० मा एक सय ६० घरेलु तथा साना उद्योग बन्द भएका छन्।

कार्यालयमा गएर आधिकारिक रूपमा बन्द गराउनेको संख्या कम रहे पनि नवीकरण हुन नसकेका एक सय ६० उद्योग खारेजीमा परेको जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयका निमित्त प्रमुख रमेशबहादुर बुढाथोकीले बताए।

उनका अनुसार बन्द हुनेमा उद्योगभन्दा वाणिज्य फार्म बढी छन्। उद्योग व्यवसाय बन्द गराउँदा उद्योगी/व्यवसायीले आफ्नो घरायसी कारण देखाउने गरेका उनको भनाइ छ।

कोभिड-१९ को असर, बैंकको ब्याज वृद्धि हुनु, आर्थिक तरलतालगायत कारणले उद्योग तथा वाणिज्य फार्म बन्द हुनेक्रम बढेको नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए। उनका अनुसार यसरी व्यवसाय बन्द भएपछि अहिले बजारमा व्यावसायिक सटर खाली भएका छन्। कैयौं उद्योगी/व्यवसायी नेपालगञ्जबाट विस्थापित भएको उनको भनाइ छ।

जिल्लामा नयाँ उद्योग दर्ता गर्नेको संख्या पनि गत आर्थिक वर्षमा घटेको छ। आर्थिक वर्ष २०७८/७९ मा एक हजार सात सय १२ नयाँ उद्योग दर्ता भएकोमा आर्थिक वर्ष २०७९/८० मा जम्मा आठ सय ७६ मात्र नयाँ उद्योग दर्ता भएका निमित्त प्रमुख बुढाथोकीले जानकारी दिए।

उनका अनुसार गत आवमा कृषि तथा वनजन्यतर्फ तीन सय ६५, उत्पादनमूलक एक सय ४०, पर्यटन सम्बन्धी एक सय ३२ र सेवामूलक दुई सय ३९ गरी कूल आठ सय ७६ उद्योग दर्ता भएका छन्।

गत आवमा तीन सय १४ उद्योग नवीकरण भएका बुढाथोकीले बताए। नयाँ उद्योग दर्ता तथा नवीकरणबापत रू ८५ लाख ३० हजार एकसय ५० राजस्व संकलन भएको उनले जानकारी दिए। रासस

# कोरियामा काम गरेर फर्किएकाका लागि पुनः भाषा परीक्षाको आवेदन

काठमाण्डु । वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस कोरिया शाखाले दक्षिण कोरियामा पाँच वर्ष वैधानिक तवरले काम गरेर फर्किएका नेपाली कामदारका लागि पुनःभाषा परीक्षाको आवेदन खुलाएको छ ।

कोरियामा रोजगार गरेर फर्किएकाले यही साउन १३ गतेदेखि १५ गतेसम्म भाषा परीक्षाका लागि आवेदन दिन सकिने विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदीले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार उक्त भाषा परीक्षा आगामी भदौ १८ गतेदेखि २९ गतेसम्म सञ्चालन हुनेछ भने नतिजा प्रकाशन असोज ३ गते हुनेछ । यसैगरी इपिएस कोरिया शाखाले एक सूचना प्रकाशित गरी नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच सम्पन्न समझदारीअन्तर्गत दक्षिण कोरियाबाट काम गरी वैधानिक तवरले फर्केका कामदारलाई पुनः कामदारको रुपमा पठाउने प्रक्रियाअनुरुप आवेदन खुला गरिएको जनाएको छ ।

शाखाद्वारा प्रकाशित सूचनाअनुसार आवेदश नेपाली नागरिक हुनुपर्ने, इपिएसअन्तर्गत कोरियामा रोजगारी प्राप्त गरेका र सन् २०१० जनवरी १ पश्चात् भिसा अवधिभित्रै स्वैच्छिक रुपले नेपाल फर्केका कामदार हुनुपर्ने छ । आवेदकको उमेर १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेको हुनुपर्ने छ । फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कोरियामा गई गैरकानुनी रुपमा बसोबास नगरेको, नेपालबाट अन्य मुलुकमा जान रोक नलगाइएको व्यक्ति हुनुपर्ने जनाइएको छ ।

यसैगरी कोरियामा इ-९ र ३-९-१ भिसामा पाँच वर्षभन्दा बढी अवधि नबसेका र कोरियाको मानव संशाधान विभागबाट इपिएस भाषा परीक्षामा सहभागी हुन सक्ने भनेर नामावलीमा नाम भएकाले फारम पर्न पाउने जनाइएको छ । यसअघि कोरियाबाट फर्किएर आएकाले आफूले कोरिया जान नपाएको भन्दै आन्दोलन गरेका थिए । रासस

# सांसद यादव र मेयर सिंहद्वारा स्थलगत अवलोकन

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका वडा नम्बर २३ प्रसौनी विर्तामा सडक विस्तारका क्रममा देखिएको समस्यालाई समाधान गर्न सांसद प्रदीप यादव र नगरप्रमुख (मेयर) राजेशमान सिंहले स्थलगत अनुगमन गरेका छन् ।



सडक विस्तार गर्न स्थानीयहरूले अवरोध सृजना गरेको जानकारी पाएसँगै जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतकसमेत रहेका सांसद यादव र मेयर सिंहले स्थलगत अनुगमन गर्दै स्थानीयहरूसँग छलफल गरेका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत पर्ने सडक खण्डको विस्तार गर्न क्रममा स्थानीयहरूले आफ्नो नम्बरी जग्गा पनि परेको दाबी गर्दै विवाद खडा गरेका छन् ।

स्थानीय स्तरमै विवाद सल्टाउन प्रयास गरिए पनि नभएपछि सांसद यादव र मेयर सिंह आफै स्थानीयहरूसँग छलफल गर्न पुगेका थिए ।

छलफलका क्रममा पूर्व वन तथा वातावरण मन्त्रीसमेत रहेका यादवले विकास निर्माणको काममा कुनै पनि किसिमको बाधा र अवरोध सृजना नगरी सहयोग गर्न स्थानीयहरूसँग आग्रह गरे । उनले भने, 'सडकको विकास भए मात्रै गाउँ ठाउँको विकास सम्भव हुन्छ ।'

विकासका निमित्त सडक सबैभन्दा महत्वपूर्ण पूर्वाधार भएको बताउँदै उनले भने, 'सडक राम्रो भए गाउँमा उत्पादन हुने कृषि सामग्रीलाई सहजै बजारसम्म पुऱ्याउन सकिन्छ, पठनपाठनका लागि बालबालिकाहरू सहरका विद्यालयसम्म पुग्न सक्छन्, स्वास्थ्य उपचारका लागि आवश्यक पर्ने एम्बुलेन्स र आगजनीका समयमा वारुणयन्त्र सहजै गाउँसम्म पुग्न सक्छ । त्यसैले सडकको विस्तारमा हामीले बाधा पुऱ्याउनु भन्दा पनि सहयोग गर्नुपर्छ ।'

त्यस्तै,वीरगञ्ज महानगरका मेयर राजेशमान सिंहले पनि सडक विस्तारमा अवरोध सृजना नगर्न स्थानीयहरूसँग निवेदन गरे ।

उनले पनि सांसद यादवकै कुरालाई दोहोऱ्याउँदै भने, 'सडक नै विकासको पहिलो सिँढी रहेको छ । सडकको विकास नभएसम्म अन्य विकासका कामहरू अगाडि बढाउन सकिँदैन । त्यसैले सडकका लागि स्थानीयहरूले अवरोध खडा गर्नुभन्दा पनि स्वेच्छाले आफ्नो जग्गा दिनुपर्दछ ।'

मेयर सिंहले अवरोध सृजना गर्नुभन्दा पनि छलफलमार्फत निकास खोज्न आग्रह गर्दै स्थानीयहरूलाई आवश्यक सम्पूर्ण कागजपत्र लिएर महानगरपालिका आउन अनुरोध पनि गरे ।

# मधेशको स्वास्थ्य अवस्था कमजोर हुनु चिन्ताजनक : स्वास्थ्यमन्त्री सिंह

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र कुमार सिंहले मधेश प्रदेशको स्वास्थ्य अवस्था कमजोर हुनु चिन्ताजनक रहेको बताएका छन् ।



जनकपुरधामको नवजीवन हस्पिटल प्राइभेट लिमिटेडमा क्यान्सर रोगको उपचारको शनिबार शुभारम्भ गर्दै उनले नेपालको स्वास्थ्य क्षेत्रमा मधेश प्रदेशका धेरै विज्ञ, वरिष्ठ चिकित्सकबाट देशभरका निजी तथा सरकारी अस्पतालमा सेवा दिए पनि मधेश प्रदेशको स्वास्थ्य अवस्था सुधार नहुनु चिन्ताको विषय भएको बताए ।

मन्त्री सिंहले मधेशको स्वास्थ्य अवस्थामा सुधार ल्याउन विज्ञ चिकित्सकहरूलाई प्रदेशमा बोलाउने विषयमा मन्त्रालयले गृहकार्य सुरु गरेको बताए ।

उनले जताततै किराना पसल झैँ खोलेर उपचारको नाममा जनतालाई ठगी गर्ने गरेको पाइएकाले मापदण्ड विपरीतका स्वास्थ्य संस्था कारबाही गरेर बन्द गराउने बताए ।

वरिष्ठ चिकित्सक डा. आर एन झाले जनकपुरधाममा क्यान्सर रोगको उपचारको सुरुआत भएकोमा खुशी व्यक्त गर्दै नवजीवन अस्पतालले क्यान्सरको गुणस्तरीय र भरपर्दो उपचार गर्ने बताए ।

प्रादेशिक अस्पतालका पूर्व मेडिकल सुपरिटेन्डेन्ट एवं वरिष्ठ चिकित्सक डा.बलराम मिश्रले जनकपुरधाममा नै क्यान्सर रोगको उपचार सुरु हुन लागेकोमा खुशी व्यक्त गर्दै गुणस्तरीय उपचारमा ध्यान दिन आग्रह गरे ।

क्यान्सर रोगका विशेषज्ञ डा.अवधेश साहको अध्यक्षतामा भएको कार्यक्रममा डा. महेश महासेठ, डा. वैद्यनाथ ठाकुर, डा. शरद यादव, अस्पतालका व्यवस्थापक अखिलेश कुमार साहसहितका ३० जनाले रक्तदान पनि गरेका थिए ।

# 'दलितको हकहितका लागि एक जुट होऔं'

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले आयोगले मधेश प्रदेशका दलितको हितका लागि सरकारसमक्ष दुईवटा महत्वपूर्ण प्रस्ताव राखेको बताएका छन् ।



मधेश प्रदेशको मानव विकास सूचकाङ्क कर्णाली प्रदेशको भन्दा पनि कम भएकाले यहाँका दलित समुदायलाई सम्पूर्ण क्षेत्रमा अघि बढाउन सम्पूर्ण राज्य षड्यन्त्र प्रयोग गर्न ध्यानाकर्षण गराएको उनले जानकारी गराए ।

त्यसैगरी मधेशमा बाढी, आगलागी र चिसोका कारण दलित समुदाय एकदमै सताइएकाले उनीहरूको समस्या समाधान गर्न पनि प्रभावकारी भूमिका निर्वाह गर्न प्रस्ताव गरेको उनले बताए ।

दलित अधिकार मञ्च नेपालले जनकपुरधाममा आयोजना गरेको 'दलित अधिकार : सबैको सरोकार' विषयक कार्यक्रममा उनले यस्तो जानकारी दिएका छन् ।

उनले राष्ट्रिय दलित आयोगले उठाउनुपर्ने विषयमा घच्घाइरहन मधेशवासीसँग अनुरोध पनि गरे । उनले भने-' आयोग मधेशी दलितको पीडामा मलगाउन हातेमालो गरेर अघि बढ्न तयार छ ।' उनले दलितको हकहितका लागि एक जुट हुन समेत आग्रह गरे ।

दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवानले मधेशमा अहिले पनि दलितलाई हेर्ने नजरमा समस्या भएकाले छलफल गरी एउटा निष्कर्षमा पुग्नका लागि यस्तो कार्यक्रम आवश्यक भएको बताए ।

उनले यो कार्यक्रमको मुख्य उद्देश्य विभिन्न दलसँग सम्बन्धित मधेश प्रदेशस्तरीय समितिका प्रमुखहरू, भातृसङ्गठनका प्रमुखहरू र अगुवाहरू एकै थलोमा भेला भइ दलितका समस्या समाधानमा लागि परुन् भन्ने भएको उल्लेख गरे ।

दलित अधिकारका लागि भएका व्यवस्था, कानुनी विषय तथा विभेद् निमिट्यान्न पार्ने उपायहरूबारे छलफल गरी दबाब दिने, पीडकलाई कानुनी दायरामा ल्याउने तथा दलितमाथिका उत्पीडन समाधान गर्न यस्तो थलो उपयोगी हुने उनले धारणा राखेका थिए ।

# बीपि स्मृति दिवसमा वृक्षरोपण

टुडे समाचारदाता

जनकपुरधाम । स्व. बीपि कोइरालाको ४१ औं स्मृति दिवसको अवसरमा वृक्षरोपण गरिएको छ ।



नेपाल तरुण दल र नेपाल विद्यार्थी संघ धनुषाको संयुक्त आयोजनामा रा.रा.ब क्याम्पस जनकपुरधाम परिसरमा वृक्षरोपण कार्यक्रम सम्पन्न भएको छ ।

१५० भन्दा बढी विरुवाहरूको रोपण गरी कार्यक्रम सम्पन्न भएको आयोजकले जनाए ।

कार्यक्रममा मधेश प्रदेश सभा सदस्य रामसरोज यादव, जनकपुरधाम उपमहानगरपालिका नगर प्रमुख मनोज साह, नेपाली कांग्रेस जनकपुरधाम उपमहानगरपालिका नगर उपसभापति राकेश बिक्रम साहलगायत तरुण दल धनुषा, नेपाल विद्यार्थी संघ धनुषा र स्ववियूका सम्पूर्ण कार्यसमितिको उपस्थिति रहेको थियो ।

त्यस्तै,धनुषाको लक्ष्मीनिया गाउँपालिकामा स्थित सिटिइभिटी क्याम्पस परिसरमा मधेश प्रदेशका सांसद शेष नारायण यादव,गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्र,प्रशासकीय अधिकृत नागेन्द्र यादव, नेका नेता डा.शत्रुधन यादव र घनश्याम यादवलगायतले वृक्षरोपण गरेका थिए ।

यसैगरी, राजविराजमा शनिवार नेपाली काँग्रेस सप्तरीले बीपिको शालिकमा माल्यार्पण तथा विभिन्न विद्यालयमा वृक्षरोपण र सरसफाइ कार्यक्रमको आयोजना गरेका थिए ।

सुरुङ्गा नगरपालिका स्थित कदमाहा चोकमा बीपिको शालिकमा माल्यार्पण गरी सुरु भएको विचार गोष्ठीमा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति राम कुमार यादव, सचिव सनद मण्डल, पूर्व नगरप्रमुख मुक्तिनाथ चौधरी, कांग्रेस सप्तरीको नीति तथा प्रशिक्षण प्रतिष्ठानका सचिव वीरेन्द्र चौधरी, सुरुङ्गा नगरपालिकाका उपप्रमुख रुद्र बहादुर कार्की, संगठन विभागका प्रमुख बद्री माहात्मान, प्रदेश "क"का सभापति उमेश मिश्र, फत्ते महम्मदलगायतले नेपालमा प्रजातन्त्र स्थापनाका लागि स्व. कोइरालाले गरेको योगदानको चर्चा गरेका थिए ।

त्यस्तै, सोही अवसरमा मलंगवाको नेपाली कांग्रेस क्षेत्रीय कार्य समिति क्षेत्र नं. १ ले ईश्वर पुरस्थित क्षेत्रीय पार्टी कार्यालयमा बीपि विचार र आजको सान्दर्भिकता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

क्षेत्रीय सभापति हरिबहादुर लुंगेलीको अध्यक्षता तथा पूर्व पार्टी जिल्ला सभापति लक्ष्मण रायको प्रमुख आतिथ्यतामा बीपिको तस्विरमा माल्यापणसहित उनले नेपालको राजनीतिमा पुऱ्याएको योगदानको चर्चा गर्दै स्मृति दिवस मनाइएको छ ।

कार्यक्रममा संविधान सभाका सदस्य रामचन्द्र चौधरी, नेताहरु सत्यदेव सिंह दनुवार, शिव गुर्मछान, दीपक अधिकारी, योगराज देवकोटा, कन्चन साहलगायतको आतिथ्यता रहेको थियो ।

उता, धनकौलगाउँपालिका-२ मा ४१ औं बीपि स्मृति दिवसका अवसरमा वृक्षरोपण गरिएको छ ।

४ नं. क्षेत्रका क्षेत्रीय सभापति रामआश्रय साहको अध्यक्षता तथा मधेश प्रदेशका स्वास्थ्यमन्त्रीवीरेन्द्रप्रसादसिंहको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा पार्टी जिल्ला सभापति सुरेन्द्रप्रसाद सिंह, जिल्ला समन्वय समितिका प्रमुख कौशलकिशोर सिंह, निवर्तमान मधेश प्रदेशसभा सदस्य उपेन्द्र प्रसाद कुशवाहालगायतको आतिथ्यता रहेको थियो ।

# चिर्पट प्रहार गरी भिनाजुको हत्या

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा भिनाजुको हत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा लक्ष्मीनिया गाउँपालिकाका भारत बनारसका २५ वर्षीय सुरज सिंह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार उनले भारतको सोनपुर चन्दौलीका ३८ वर्षीय शिवमुरत सिंहको लक्ष्मीनियाँमा हत्या गरेका थिए ।

उनलाई प्रहरीले शुक्रबार पक्राउ गरेको छ । उनीहरू लक्ष्मीनियाँ बजारमा काम गर्न बस्दै आएका थिए । शिवमुरत सुरजका भिनाजु रहेका प्रहरीले जनाएको छ ।

घरायसी विवादको क्रममा सुरजले दाउराको चिर्पटले प्रहार गर्दा शिवमुरत गम्भीर घाइते भएका थिए । उनको रामा अस्पताल जनकपुरमा भारतको सीतामढीतर्फ लैजानेक्रममा मृत्यु भएको थियो । यस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# 'अफवाह चिर्ने काम गर्नुपर्छ'

टुडे समाचारदाता

जनकपुरधाम । संघीयतालाई बचाउन संघर्ष जारी राख्नुपर्ने एक कार्यक्रममा वक्ताहरुले बताएका छन् ।



शनिबार नोर्थ साउथ कलेक्टिभ जनकपुरधामले आयोजना गरेको संघीयताको यात्रा : आरोह र अवरोह विषयक विमर्श कार्यक्रममा वक्ताहरुले सो कुरा बताएका छन् ।

सामाजिक अभियन्ता डा. कृष्णचन्द्र प्रसाद साहले संघीयता स्थापित गर्ने विषयमा प्रकाश पार्दै निरन्तर संघर्ष जारी राख्नुपर्ने बताए ।

'रुल्स र टुल्स'को सदुपयोग गर्दै संघीयता विषयमा बाहिर आएको अफवाहलाई चिर्ने काम गर्न उनले प्रदेश सरकारलाई सुझाए ।

केन्द्रले हुर्किँदै गरेको बच्चालाई तथा नाम अफवाह फैलाएर समाप्त पार्न खोजेको कारण यस विषयमा प्रदेशको सचेत हुनुपर्ने उनले बताए ।

वास्तविकताको प्रचार-प्रसार पनि बढाउनुपर्ने उनको कथन छ । 'अफवाह चिर्ने काम गर्नुपर्छ । वास्तविक कुराको प्रचार पनि गर्नुपर्छ,'उनले भने,'तर, संघीयताका युनिटहरुले पनि पारदर्शीता बढाउनुपर्छ । असन्तुष्ट पक्षको भावनालाई समेट्ने गरी काम गर्नुपर्छ ।' रुचिमा फरकपन आउने तत्व पत्ता लगाइ उक्त विषयमा पनि काम गर्नुपर्ने उनले बताए ।

प्रदेश सरकारको क्षमता अभिवृद्धि गर्नुपर्ने र उक्त क्षमता व्यवहारमा ल्याउन सबै जनाले दायित्व पूरा गर्नु पर्ने उनले औल्याए ।

'९० प्रतिशत बजेट केन्द्रमै राखिएको छ,'उनले भने,'यसको विषयमा ठोस रुपमा आवाज नै उठेको छैन् ।' केन्द्रले प्रदेशलाई बलियो भएको रुचाउन नचाहे पनि त्यो सम्भव नरहेको उनले जोड दिए ।

यस्तै, राजनीतिक विश्लेषक श्रीकृष्ण अनुरुद्ध गौतमले पनि समन्वय नहुँदा संघीयता अलमल देखिएको बताए ।

'संघीयतामा के भयो भने लिनेले लिन जानेनन् । दिनेले दिन जानेनन्, त्यही भएर दुबै निकाय अलमलमा देखिन्छ,'उनले भने, 'संविधानले दिइसकेको अधिकार दिन्न भनेर हुँदैनन्, एकदिन दिनैपर्छ ।'

तीनै तहको सरकारले छलफल गरेर एक अर्काको कुरा स्वीकार गर्नुपर्ने उनले बताए ।

नभए संघीयतामाथि बारम्बार प्रश्न उठ्ने बताइन्छ । 'नियमित तीनवटै सरकारबीच समन्वय हुनु पर्छ,'उनले भने,'त्यो नहुँदा सही रूपमा काम गर्न सकेको छैन् ।' आयोजक संस्थाले नियमित रुपमा मासिक मधेश विमर्श शृंखला गर्दै आएका छन् ।

# बेस्ट स्कूल अवार्डले मोनाष्टिक सम्मानित

टुडे समाचारदाता

जनकपुरधाम । मोनाष्टिक स्कूल/कलेज जनकपुरलाई अन्तर्राष्ट्रिय अवार्ड 'बेस्ट स्कुल अवार्ड-२०२३' प्रदान गरिएको छ ।



विगत ३७ वर्षदेखि शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षाको लागि उत्कृष्ट योगदान दिँदै आइरहेको मोनाष्टिक स्कूल/कलेजले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान स्वरुप 'बेस्ट स्कुल अवार्ड-२०२३' प्रदान गरिएको छ ।

एक्जिटो एजुकेसन, अष्ट्रेलियाको आयोजना, एक्जिटो इभेन्ट्सको व्यवस्थापन तथा अनुजा मिडिया नेपालको संयोजनमा सिङ्गापुरमा सम्पन्न कार्यक्रममा शिक्षा क्षेत्रमा योगदान दिएका ३३ जना स्कूलका संचालक तथा स्कूलहरुलाई 'एक्जिटो इन्टरनेशनल एक्सिलेन्स अवार्ड २०२३' द्वारा सम्मानित गरिएको छ ।

कार्यक्रममा लिंकन युनिभर्सिटीका प्रो- चान्सलर प्रोफेसर दातुक डाक्टर हज्जा बीबी फेलिरना अब्दुलहा र एक्जिटो एजुकेसनका निर्देशक सचेत वीदीजनले संयुक्त रुपमा अवार्ड प्रदान गरेका छन् ।

नेपालभरिबाट छनोटमा परेका विभिन्न स्कूल, कलेज, तथा स्कुल/ कलेज सन्चालक तथा प्रिन्सिपलहरुले शिक्षा क्षेत्रको विकासमा पुऱ्याएको विशिष्ट योगदानलाई कदर गर्दै उक्त अन्तरर्राष्ट्रिय अवार्ड प्रदान गरिएको छ ।

'बेस्ट स्कुल अवार्ड' मोनाष्टिक स्कूल/कलेज, जनकपुरबाट डा. सोनु कुमार , एक्सिस विद्याश्रम स्कुल धनगढीबाट अनिता पन्त, ब्राइट फ्युचर सेकेण्डरी स्कुल, मोरङ बाट टीकाराम ढकाल, महेन्द्र मेमोरियल एकेडेमी सुनसरीबाट निस्चल राज शाक्य, मोडर्न बोर्डइङ सेकेण्डरी स्कूल भक्तपुरबाट राजन कसपाल, नाइटीङ्गेल सेकेण्डरी स्कूल ललितपुरबाट रन्जना प्रधान र भ्याली पब्लिक स्कुल, काठमाण्डुबाट मोती प्रसाद अधिकारीले प्राप्त गरेका थिए ।

एक्जिटो एजुकेसनका निर्देशक सचेत वीदीजनले एक्जिटोले सर्वे गरेका लगभग ५०० विद्यालयहरु मध्येबाट ३३ वटा विद्यालय तथा विद्यालय संचालकहरुलाई शिक्षा क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याएका ३३ वटा स्कूल / कलेज तथा स्कूल संचालकहरुलाई छनोट गरी सम्मान गरिएको जनाएका छन् ।

# क्लबद्वारा वृद्धाश्रममा सहयोग

टुडे समाचारदाता

मलंगवा । वार्षिक सामाजिक कार्य अन्तर्गत लायन्स क्लब अफ लालबन्दी सिटीले शनिबार लालबन्दी नगरपालिका-२, जुटपानीमा रहेको पद्म-भुवनेश्वरी नमुना वृद्धाश्रममा सहयोग गरेको छ ।



क्लबका वर्तमान तथा पूर्व पदाधिकारी बिहान आश्रममा पुगेर सहयोग प्रदान गरेका छन् ।

क्लबका नवनिर्वाचित अध्यक्ष नारायण कुमार दाहालसहितका प्रतिनिधि आएर वृद्धाश्रममा आश्रय दिएर राखिएका बुवाआमालाई बिहानको एक छाक मिष्ठान्न भोजन गराई खाद्यान्न सामग्री हस्तान्तरण गरिएको वृद्धाश्रमकी व्यवस्थापक भवानी कोइरालाले जानकारी दिइन् । सामाजिक सेवा अन्तर्गत लायन्स क्लब लालबन्दीले वर्षेनि वृद्धाश्रममा यस प्रकारको सहयोग गर्दै आइरहेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८